जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ८८ • २०८३ साल साउन ३१ गते आइतबार (16 August, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कांग्रेस इतर समूहको राष्ट्रिय भेला 'सम्मेलन' मा परिणत

# 'हामीले मुद्दा दिएका छौँ, त्यसको पुनरावलोकन नभएसम्म धेरै बोल्नु हुँदैन'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापन इतर समूहले आयोजना गरेको राष्ट्रिय भेलालाई औपचारिक 'सम्मेलन' को रूपमा अघि बढाइएको छ। पछिल्लो राजनीतिक परिस्थिति, अदालतको निर्णय तथा पार्टी विधानअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै भेलाको स्वरूप परिवर्तन गरिएको हो।

प्रचारप्रसार समितिका संयोजक मीन विश्वकर्माले जनाए अनुसार शुरुमा विधानभन्दा बाहिर रहेर समानान्तर राष्ट्रिय भेला गर्ने तयारी भए पनि नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको आधिकारिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको पछिल्लो निर्णय र त्यसपछिको प्रक्रियालाई ध्यानमा राख्दै कार्यक्रमलाई विधानसम्मत बनाउने निर्णय गरिएको छ।

'पहिले हामीले विधानभन्दा बाहिरको समानान्तर भेला गर्ने सोचेका थियौँ, तर अदालतले सबै प्रक्रियालाई शुरुदेखि हेर्ने भनेपछि अब विधानबमोजिमकै कार्यक्रम गर्छौँ,' विश्वकर्माले भने।

कांग्रेसको विधानले ठूला राजनीतिक कार्यक्रमका रूपमा सम्मेलन र अधिवेशनलाई छुट्टाछुट्टै व्यवस्था गरेको भन्दै विश्वकर्माले सम्मेलनले पार्टीको नीति तथा विचारमा छलफल र निर्णय गर्ने बताए। उनले अधिवेशनले नेतृत्व चयन गर्ने भएकाले अहिलेको कार्यक्रम नेतृत्व परिवर्तनमा केन्द्रित नभइ नीतिगत बहस र पार्टी सुदृढीकरणमा केन्द्रित रहेको बताए।



प्रत्येक वर्ष सम्मेलन गर्न सकिने र चार-पाँच वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्थाअनुसार कार्यक्रमलाई सम्मेलनको नाम दिइएको उनले बताए । सम्मेलनमा महाधिवेशन प्रतिनिधि, जिल्ला सभापति, क्षेत्रीय सभापति तथा प्रदेश सभापतिसहित विभिन्न तहका नेताको सहभागिता रहेको छ । शुरुमा सभापतिको सहभागिता हुने सम्भावना कम देखिए पनि केन्द्रीय सभापतिसहित विभिन्न तहका पदाधिकारीको उपस्थिति भएपछि कार्यक्रमलाई सम्मेलनका रूपमा अघि बढाउन उपयुक्त भएको विश्वकर्माको भनाइ छ।

उनले सम्मेलनबाट पार्टीको आगामी कार्यदिशा र विचारसँग सम्बन्धित पाँचवटा महत्त्वपूर्ण नीति पारित गर्ने तयारी रहेको जानकारी दिए । 'भेलाले असन्तुष्टि मात्र पोख्ने काम गर्थ्यो, तर सम्मेलनले नीति नै पास गर्छ। त्यसैले यसलाई आधिकारिकता दिन सम्मेलनमा रूपान्तरण गरेका हौँ,' उनले भने।

यसैबीच, कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले पार्टी एकताको पक्षमा आफू पूर्ण रूपमा रहेको बताएका छन्। शनिबार महाराजगञ्जस्थित निवासमा पत्रकारसँग कुरा गर्दै देउवाले सर्वोच्च अदालतबाट न्यायिक प्रक्रिया टुंगिएपछि पार्टी एकता हुने विश्वास व्यक्त गरे।

पूर्वप्रधानमन्त्रीसमेत रहेका निवर्तमान सभापति देउवाले आफू विशेष महाधिवेशनको पक्षमा नरहेको स्पष्ट पार्दै त्यसविरुद्ध आफूहरूले मुद्दा दायर गरेको बताए। 'सम्पूर्ण रूपमा पार्टी एकता हुनुपर्छ। विशेष अधिवेशनको पक्षमा म थिइनँ, मैले मानेको पनि होइन,' उनले भने, 'हामीले त्यसको खिलाफमा मुद्दा दिएका छौँ। त्यसको पुनरावलोकन नभएसम्म धेरै बोल्नु हुँदैन। मलाई विश्वास छ, त्यसमा न्याय मिल्छ। अनि पार्टी एकता हुन्छ।'

देउवाले आफू छिट्टै सुदूरपश्चिम, विशेषगरी गृहजिल्ला डडेलधुरा जान चाहेको पनि बताए । सुदूरपश्चिमले आफूलाई धेरै दिएको उल्लेख गर्दै उनले त्यस क्षेत्रमा अझै गर्न बाँकी काम पूरा गर्ने प्रतिबद्धता जनाए। डडेलधुरामा विमानस्थल निर्माणको मागसमेत पूरा गर्ने उनको भनाइ थियो।

कांग्रेसभित्र एकातिर संस्थापन इतर समूहले नीतिगत सुधार र आन्तरिक सुदृढीकरणलाई केन्द्रमा राखेर सम्मेलन अघि बढाइरहेको छ भने अर्कोतिर देउवाले अदालतको निर्णयपछि पार्टी एकताको बाटो खुल्ने धारणा सार्वजनिक गरेका छन्। पछिल्ला घटनाक्रमले कांग्रेसको आन्तरिक विवाद समाधान र भावी राजनीतिक दिशाबारे हुने बहसलाई थप महत्त्वपूर्ण बनाएको छ।




# मठ मन्दिरहरुमा झुलनोत्सव महोत्सव शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक धार्मिक तथा सांस्कृतिक महत्व बोकेको झुलोनोत्सव पर्व शनिवारदेखि सुरु भएको छ।

साउन शुक्ल तृतीयादेखि सुरु हुने यो पर्व पूर्णिमासम्म विभिन्न मठमन्दिरमा विशेष उत्साहका साथ मनाइन्छ । झुलोनोत्सवका अवसरमा जनकपुरधामस्थित मठमन्दिर आकर्षक सिंहासन तथा गद्दी सहितको रेशम डोरीको झुला (पिङ) निर्माण गरी भगवानलाई झुलाउने गरिन्छ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासका अनुसार झुला उत्सवको सुरुवात सन्त परम्पराको प्रारम्भदेखि नै भएको पौराणिक मान्यता रहेको छ । जनकपुरधाममा झुला उत्सवको प्रारम्भ सन् १७३० मा जानकी मन्दिरका आदी महन्त सुरकिशोर दास वैष्णवले गराएको थियो । त्यसपछिका महन्तहरूले निरन्तरता दिँदै आएको छ। यसको देखा सिकी गरेर मिथिलाञ्चलको अन्य मठ मंन्दिरहरुले पनि झुलनोत्सव पर्व मनाउँदै आएको छ।

विगतमा सन्तहरू खुला चौर वा रुखको छहारीमा बास बस्दा झोलामा बोकेर ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाउने गरेको थियो । त्यही परम्परा विस्तार हुँदै अहिले मिथिलाको प्रमुख सांस्कृतिक पर्वका रूपमा झुलोनोत्सव स्थापित हुँदै अहिले मठ मन्दिरसहित मनाउन थालिएको छ।

जानकी मन्दिरसहित विभिन्न मन्दिरमा साँझदेखि नै भगवान् सीताराम झुलामा राखेर झुलाउने कार्यक्रम हुने गरेको छ भने कृष्णामी समुदालयले भगवान राधाकृष्णलाई सो झुलामा राखेर झुलाउने गर्छन । उत्सव अवधिभर जनकपुरधामका मठमन्दिरमा धार्मिक अनुष्ठानसँगै भजन किर्तन सहितका सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिदै आएको छ । झुलनोत्सव अवधिभर कजरी र मलार गीतले जनकपुरधाम संगीतमय बनेको छ।

झुलोनोत्सवका क्रममा विभिन्न मठमन्दिरबीच झुला सजावट, धार्मिक प्रस्तुति र सांस्कृतिक कार्यक्रमका माध्यमबाट स्वस्थ प्रतिस्पर्धासमेत देखिने गरेको छ। त्रेतायुगमा भगवान् राम र सीता सिंहासनमा बसेर झुलेको जनविश्वास अनुसार पौराणिक कालदेखि नै झुलनोत्सव मनाइँदै आएको महन्थ दासको भनाई रहेको छ । जानकी मन्दिरमा विशेष किसिमको तीनवटा सिंहासनमा राम सीताको मूर्ति राखी रेशम डोरीले तानेर सांझपख झुला झुलाउने परम्परा रहेको छ।

यसले मिथिलाको मौलिक धार्मिक परम्परा, कला, संस्कृति र लोकजीवनलाई जीवन्त राख्न योगदान पुऱ्याउँदै आएको स्थानीय धार्मिक अगुवाहरूको भनाइ छ। जनकपुरधाममा झुलोनोत्सव सुरु भएसँगै मठमन्दिरहरूमा चहलपहल बढेको छ भने पर्वमा सहभागी हुन नेपाल तथा भारतका श्रद्धालु तथा दर्शनार्थीको आगमनसमेत बढ्न थालेको छ।

जनकपुरधामको रत्नसागर, विहारकुण्ड, अग्निकुण्ड सहितका मठ मन्दिरमा आज साँझ देखि मध्यरातसम्म झुलनोत्सव चल्ने भएकाले विशेष भिडभाड रहने गरेका छन् । जानकी मन्दिरमा हरेक साँझ मिथिलाको लोक गीत झुला र कजरी गाइने चलन प्रचलन रहेको छ। यसका लागि भाडामा नर्तकहरू आउनुका साथै भक्तजनहरू आफै आउने तथा नाच्ने गरेका छन्।


त्रेतायुगमा भगवान् राम र सीताको शुभ विवाहको उपलक्ष्यमा मिथिलाका विदेह राजा शिरध्वज जनकले आयोध्यावासीलाई उपहारस्वरुप दिएको सुनचाँदी तथा मणिको भारले अयोध्यामा पहाडनै बनेको थियो। सीताको सामु पहाडको महत्व नरहेको भन्दै सो समान लिन राजा दशरथले अस्वीकार गरेका थिए। जसलाई रंगभूमि मैदानमा राखिएको थियो।

दशरथको व्यवहारले जनक दुःखी नहुन् भनेर मणि पर्वतमा राम सीताले उत्सव गरेका थिए । त्यसैको सम्झनामा मिथिला र अयोध्यामा यो उत्सव हुने गरेको रामायणमा वर्णित रहेको जानकारहरु बताउँछन् ।

जानकी मन्दिरमा भक्तजनको भिड रहे पनि जनकपुरधामका अन्य मठमन्दिर र झुला घरमा हुने उत्सव केवल औपचारिकतमा सीमति हुँदै गएका छन् । जनकपुर झुला घरले भोगेको बेवास्ता उदाहरण मात्रै हो। यहाँका प्रसिद्ध मन्दिर रत्न सागर, विहार कुण्ड, अग्नि कुण्डलगायतका झुलाघरहरू पनि सुनसान छन्।

पहिले झुलनोत्सवमा मठमन्दिर श्रद्धालु भक्तजनहरूले अबेर रातिसम्म भरिभराउ हुन्थे। तर गुठी संस्थानको उदासीनता र अधिकांश मन्दिरहरू महन्थविहीन भएपछि झुलनोत्सवको चहलपहलमा कमी आएको छ।

गाउँगाउँबाट झुला हेर्न आउने मानिसको पहिले जनकपुरमा भिड हुन्थ्यो । तर यसपटक वर्षा नहुदाँ धान रोप्न नसकेको पिडामा डुबेका किसान जनकपुर आएका छैनन्। झुलनोत्सवले जनकपुरधामको ऐतिहासिकतालाई जोगाएको छ। तर यसको गरिमा जोगाउन सरोकारवाला सबै गम्भीर हुन जरुरी छ।



# आगलागीमा ५ लाख बराबरको क्षति

**टुडे समाचारदाता**

लहान । सिरहाको कल्याणपुर नगरपालिका-९ डुमरीमा विद्युतको तार सर्ट भएर आगलागी हुँदा करिब ५ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। गएराति करिब १ बजेको समयमा स्थानीय भनुवा मण्डलको घरमा विद्युत्को तार सर्ट भई अचानक आगलागी भएको हो।

आगलागीमा घरमा भण्डारण गरेर राखिएको खाद्यान्न, धान-चामल, गहु, केही नगद, प्लाइ, भाडाकुडा, लागयतका फैलिनबाट जोगिएको स्थानीयले बताएका छन्।

वडा नम्बर ९ का अध्यक्ष विनोद यादवले प्रारम्भिक जानकारीअनुसार विद्युतको तार सर्ट भएर आगलागी भएको बताए । उनका अनुसार आगलागीबाट घरमा राखिएका खाद्यान्न तथा अन्य सामग्री जलेर क्षति भएको छ।

पीडित भनुवा मण्डलले रातिको समयमा अचानक आगलागी भएकाले घरभित्र रहेका अधिकांश सामान निकाल्न नसकिएको बताए । उनले



घरमा राखिएका खाधन समाग्री लगायतका विभिन्न सरसामान जलेर नष्ट भएको पीडित मण्डलले बताएका छन्।

आगो लागेको थाहा पाएपछि स्थानीयवासीले तत्काल नियन्त्रणको प्रयास गरेका थिए। गोलबजार नगरपालिकाको दमकलसमेत घटनास्थलमा पुगेपछि स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । समयमै आगो नियन्त्रणमा आएपछि घरका अन्य भागमा आगो आगलागीबाट करिब ५ लाख रुपैयाँ बराबरको क्षति भएको जानकारी दिएका छन्।

घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यलय कल्याणपुरको टोलीसमेत घटनास्थलमा पुगेर मुचुल्का तथा क्षतिको विवरण संकलन गरेको छ । प्रहरीले प्रारम्भिक रूपमा विद्युतको तार सर्ट भएर आगलागी भएको देखिए पनि घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

# सवारी दुर्घटनामा मृत्यु भएका दम्पतिको एउटै चिहानमा अन्त्येष्टि



**टुडे समाचारदाता**

रौतहट । बोलबम यात्रामा गएको बेला भारतको झारखण्डमा भएको सवारी दुर्घटनामा ज्यान गुमाएका रौतहटका एक दम्पतीको एउटै चिहानमा शनिवार अन्त्येष्टि गरिएको छ । दुर्घटनामा मृत्यु भएका १२ वर्षीय बालकको शव भने प्रादेशिक अस्पताल गौरको शवगृहमा राखिएको छ।

बोलबम यात्राका लागि रौतहटको गरुडा नगरपालिका-६ पोठियाहीबाट भारतको बाबाधाम गएका तीर्थयात्री सवार बस शुक्रबार बिहान झारखण्डको सतगावाँ क्षेत्रमा मालवाहक ट्रकसँग ठोक्किँदा तीन जनाको मृत्यु भएको थियो।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार भारतमा पोस्टमार्टमपछि मृतकका आफन्तले शनिबार बिहान करिब साढे ८ बजे शव नेपाल ल्याएका थिए।

नेपाल ल्याइएका गरुडा-६ पोठियाहीका ६५ वर्षीय नवलकिशोर चौधरी र उनकी ६२ वर्षीया श्रीमती सुन्दरकला देवीको शव झाँझ खोलास्थित शिवनगर घाटमा पुऱ्याइएको थियो । दम्पतीको एउटै चिहानमा अन्त्येष्टि गरिएको प्रहरीले जनाएको छ।

दम्पतीको शव एउटै फर्कीमा राखेर घरबाट झाँझ खोलाको किनारमा रहेको घाटसम्म लगिएको थियो। अन्त्येष्टिस्थलमा इलाका प्रहरी कार्यालय शिवनगरबाट प्रहरी टोलीसमेत खटाइएको थियो।

दुर्घटनामा मृत्यु भएका सोही स्थानका राजेश महतोका १२ वर्षीय छोरा शिवम महतोको शव भने प्रादेशिक अस्पताल गौरको शवगृहमा राखिएको छ । उनका बुवा रोजगारीका सिलसिलामा विदेशमा रहेकाले उनी नेपाल फर्किएपछि मात्र बालकको अन्त्येष्टि गर्ने तयारी गरिएको प्रहरीले जनाएको छ।

गरुडा-६ पोठियाहीबाट गत आइतबार बाबाधाम यात्राका लागि छुटेको ना.६ ख १५५४ नम्बरको बसमा करिब ४५ जना तीर्थयात्री सवार थिए । बासुकीनाथ दर्शन सकेर देवघर हुँदै राजगीरतर्फ जाने क्रममा शुक्रबार बिहान करिब ३ बजे सतगावाँ क्षेत्रमा बस मालवाहक ट्रकसँग ठोक्किएको थियो।

दुर्घटनामा बसको अगाडिको भागमा ठूलो क्षति पुगेको थियो । घटनालगत्तै सतगावाँ प्रहरीले घटनास्थलमा पुगेर घाइते तीर्थयात्रीको उद्धार गरी विभिन्न अस्पतालमा उपचारका लागि पठाएको थियो।

भारतीय सञ्चारमाध्यमका अनुसार प्रारम्भिक अनुसन्धानमा बस चालकलाई अत्यधिक निद्रा लागेको हुनसक्ने आशंका गरिएको छ । यद्यपि दुर्घटनाको वास्तविक कारणबारे अनुसन्धान जारी रहेकाले अहिले नै यकिन निष्कर्षमा पुग्न नसकिने प्रहरीले जनाएको छ । दुर्घटनामा मृत्यु तथा घाइते भएका अधिकांश तीर्थयात्री गरुडा-६ पोठियाहीकै रहेको बताइएको छ। घटनापछि पोठियाही गाउँ शोकमा डुबेको छ।

# वीरगञ्जमा मानव निर्मित ताल बनाउन माग



**टुडे समाचारदाता**

वीरगञ्ज । बिरगञ्जमा मानव निर्मित ताल बनाउन माग गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका सभापति एबम पर्सा १ का सांसद हरि पन्तले साँस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्री गणेश पौडेलसंग यस्तो आग्रह गरेका हुन्।

मन्त्री पौडेलसंग स्थानीय क्लासिक ब्यान्क्वेटमा शनिवार भएको स्थानीय नेताकार्यकर्ताहरुको भेटघाट कार्यक्रममा सांसद पन्तले पर्यटन मन्त्री समक्ष विरगञ्जमा पनि पर्यटकीय गतिविधि बढाउन सर्लाहीको भरतताल जस्तै मानव निर्मित ताल बनाइदिन आग्रह गरे । पन्तको आग्रहलाई सम्बोधन गर्दै पर्यटन मन्त्री पौडेलले स्थानीय सरकारले तालताइ चाहिने आबश्यक जग्गा उपलब्ध गराए संघीय सरकारले बिरगंजको पर्यटन प्रबर्द्धनको लागी ताल निर्माणका लागि बजेट बिनियोजन गर्ने बताएका थिए।

उनले नेपाल सरकार अहिले मधेसको पर्यटन प्रबर्द्धन कसरी गर्न सकिन्छ भनेर मधेस प्रदेशको पर्यटकीय स्थलहरुको पहिचानमा लागेको बताएका थिए । संस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्री गणेश पौडेलले हिजो पर्सा राष्ट्रिय निकुञ्ज, गढिमाइ मन्दिर र सिम्रौनगढ भ्रमण गरि आज बिरगंजमा स्थानीय नेताकार्यकर्ता हरुसंग भेटघाट कार्यक्रम सप्पन्न गर्दै बिरगंज उद्योग बाणिज्य संघमा स्थानीय उद्योगी व्यावसायिहरु संग समेत बिरगंजको पर्यटन प्रबर्द्धनका लागि अन्तर्कृया कार्यक्रम गरेका थिए।

क्लासिक ब्यान्क्वेटमा सप्पन्न कार्यक्रम रास्वपा पर्सा सभापति हरि पन्तको स्भापतित्वमा सप्पन्न भएको थियो भने बिरगंज उद्योग बाणिज्य संघमा भएको अन्तरक्रिया कार्यक्रम बिरगंज उद्योग बाणिज्य संघका अध्यक्ष हरि गौतमको सभापतित्वमा सप्पन्न भएको थियो । सो कार्यक्रममा रास्वपा मधेस प्रदेशका सभापति तपेश्वर यादब, बाराका सांसदहरु गणेश धिमाल , अरविन्द साह, चन्दन सिंह लगायतका ब्यतित्वहरुको उपस्तिथि थियो।

# २४ घण्टामै १३ जनाको मृत्यु, ५ बेपता

**टुडे समाचारदाता**

काठमाण्डू। मनसुनी विपद् तथा अन्य प्राकृतिक प्रकोपका कारण नेपालमा पछिल्लो २४ घण्टामा १३ जनाको मृत्यु भएको छ भने ५ जना बेपत्ता भएका छन्।

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको बुलेटिनअनुसार देशका ४३ जिल्लामा ५२ वटा विपद्का घटना भएको छ।

पछिल्लो २४ घण्टाको तथ्यांक अनुसार ती घटनाहरूमा परी ४३ जना घाइते भएका छन् भने ५ वटा चौपायाको क्षति भएको छ। विपद्का कारण देशभर १२ स्थानमा सडक आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ भने अनुमानित ६ लाख ४७ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको छ।

विपद् प्रतिकार्य तथा उद्धारका लागि देशभर २ सय ६१ जना प्रहरी जनशक्ति परिचालन गरिएको र २ जनाको सकुशल उद्धार गरिएको प्राधिकरणले जनाएको छ। पहिरोका कारण मात्रै १० जनाको ज्यान गएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बिहान ८ : ४५ बजेसम्म कुल ४ सय १४ वटा वर्षा मापन केन्द्रहरूमध्ये ३४५ वटा केन्द्रमा वर्षा मापन भएको छ । जसमा सबैभन्दा बढी वर्षा स्याङ्जाको पञ्चमुल केन्द्रमा १५२.९ मिलिमिटर रेकर्ड भएको छ।



२४ घण्टामा अधिकतम तापक्रम चितवनको रामपुरमा ३८.० डिग्री सेल्सियस र सबैभन्दा कम मुस्ताङको लेतेमा २०.६ डिग्री सेल्सियस मापन गरिएको छ। त्यस्तै न्यूनतम तापक्रम मोरङको विराटनगरमा २८.० डिग्री सेल्सियस र मुस्ताङको थाकमाफाप र मार्फामा ८.८ डिग्री सेल्सियस रेकर्ड भएको छ । चालु आर्थिक वर्ष २०८३ वैशाख १ गतेदेखि साउन २९ गतेसम्मको अवधिमा देशभर कुल ४ हजार ६ सय ५९ वटा विपद्का घटनाहरू भएका छन् । यी घटनाहरूमा परी हालसम्म २ सय २९ जनाको मृत्यु भएको छ भने ९ जना अझै बेपत्ता रहेका छन्।

सोही अवधिमा १ हजार ४ सय ६३ जना घाइते भएका छन् भने कुल ५ हजार ७ सय ९ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। समीक्षा अवधिमा सबैभन्दा बढी मानवीय क्षति सर्पदंश र पहिरोका कारण भएको देखिएको छ।

# जग्गा छानबीन गर्ने नेपाल भारतबीच सहमति

**टुडे समाचारदाता**

काठमाण्डू । नेपाल र भारत सीमा क्षेत्रमा एकअर्का देशका नागरिकले उपभोग गर्दै आएको जग्गाको नापजाँच गरिने भएको छ । दुई देशबिच एकअर्काले भोगचलन गर्दै आएको जग्गाको छानबिन गर्ने सहमति भएको हो।

यसअघि, प्रधानमन्त्री बालेन्द्र शाहले भारतले नेपालको मात्र नभई नेपालले पनि भारतको जग्गा मिचेको अभिव्यक्ति दिएका थिए। प्रधानमन्त्री शाहको अभिव्यक्तिपछि परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै विषयलाई स्पष्ट पारेको थियो।

मन्त्रालयका अनुसार नेपाल-भारत सीमा निर्धारण गर्दा नदीलाई सिमाना मान्ने 'निश्चित सीमा सिद्धान्त' अवलम्बन गरिएका कारण यस्तो अवस्था आएको हो । यसले गर्दा 'क्रस बोर्डर अकुपेसन' (सीमापार अतिक्रमण) भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था सिर्जना भएको मन्त्रालयले स्पष्ट पारेको छ।

दुई देशबिचको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन




गर्न सीमा स्तम्भ निर्माण र मर्मतको काम भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

यसका साथै दशगजा क्षेत्रको अतिक्रमण हटाउने तथा 'क्रस बोर्डर अकुपेसन' को लगत संकलनको काम पनि अघि बढाइएको छ।

प्राविधिक समितिहरूले गरेको अध्ययनअनुसार कतिपय स्थानमा हाल नेपालले उपभोग गरिरहेको जग्गा भारततर्फ पर्न सक्ने र भारतले उपभोग गरिरहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखिएको मन्त्रालयले प्रस्ट्याएको छ । नापी विभागका अनुसार नेपाल-भारत सिमानामा हालसम्म ८ हजार ५५४ वटा सीमा स्तम्भ स्थापना गरिएकामा १ हजार ३२५ वटा हराएका छन्।

प्रधानमन्त्री साहले संसद्मा राखेको भनाइ 'क्रस बोर्डर अकुपेसन' सँगै सम्बन्धित रहेको परराष्ट्र मन्त्रालयले स्पष्ट पारेको छ। सोही क्रस बोर्डर अकुपेसन भएको भूमिको नापजाँच गर्ने विषयमा दुवै देशले सहमति गरेका हुन्।

भारतको लखनउमा हिजो सम्पन्न नापी अधिकारीहरूको समिति (एसओसी) को १३ औं बैठकमा यो सहमति भएको हो । नापी विभागका एक अधिकारीका अनुसार दुवै देशका नागरिकले एकअर्काको जमिन अतिक्रमण गरी भोगचलन गर्दै आएका छन् । प्रविधिको प्रयोग गरी त्यसको नापजाँच गर्ने र तीन वर्षभित्र सरकारलाई प्रतिवेदन बुझाउने सहमति भएको ती अधिकारीले बताए।

यद्यपि, यो नापजाँचमा लिपुलेक, लिम्पियाधुरा र कालापानीको भूमि भने नपर्ने बताइएको छ । नेपाल-भारत सीमा निर्धारण गर्दा नदी क्षेत्रलाई आधार मानिएको र विगतदेखि धेरै नदीले आफ्नो बहाव परिवर्तन गरेका कारण हजारौं हेक्टर जमिन यताउति भएको छ। यही कारणले गर्दा दुवै देशका नागरिकबिच बेलाबेला विवाद उत्पन्न हुने गरेको छ।

एसओसी र संयुक्त फिल्ड सर्वे टोलीले यिनै परिवर्तित भूमिको बारेमा नापजाँच गर्ने बताइएको छ। यसबाट तयार हुने प्रतिवेदनले दुवै देशलाई सीमा समस्या समाधान गर्न सहज हुने विश्वास लिइएको छ।

नेपाल र भारतबिचको सीमा व्यवस्थापन, सीमा स्तम्भहरूको निर्माण तथा मर्मतसम्भार गर्न सन् २०१४ मा दुई देशका प्रधानमन्त्रीको सहमतिमा 'नेपाल-भारत नापी अधिकृतहरूको समिति' गठन भएको थियो । त्यससँगै 'बाउन्ड्री वर्किङ ग्रुप' र 'संयुक्त फिल्ड सर्वेक्षण टोली' पनि गठन गरिएको थियो।

# यसरी धराशायी बनाइयो उदयपुर सिमेन्ट उद्योग

काठमाण्डु। उच्च गुणस्तरको चुनढुङ्गा खानी, जापानी सहयोगमा बनेको कारखाना । बजारमा स्थापित 'गैंडा छाप' ब्रान्ड । सबै हुँदाहुँदै यतिबेला उदयपुर सिमेन्ट उद्योग संकटमा छ।

गाइघाट बजारको विकासमा महत्त्वपूर्ण योगदान दिएको उद्योगभित्रको भ्रष्टाचार, व्यवस्थापकीय कमजोरी, राजनीतिक हस्तक्षेप र व्यक्तिगत तथा समूहगत स्वार्थका कारण उद्योग क्रमशः धराशायी बन्दै गएको छ। यसको पछिल्लो उदाहरण हो, बोरा अभावमा ६ महिनादेखि थन्किएको सिमेन्ट।

उत्पादन भइ गोदाममा थन्किएको सिमेन्ट बोरा अभावमा बजारसम्म नपुग्नुको अर्थ हो, कमजोर व्यवस्थापन र नेतृत्वको अदूरदर्शी सोच । निजी कम्पनीहरूले धमाधम सिमेन्ट उत्पादन र बिक्री गरिरहेको अवस्थामा बोरा अभावमा सिमेन्ट थन्काउनुपर्ने बाध्यात्मक अवस्था आउनुले पनि उद्योग कुन अवस्थामा छ भन्ने बुझ्न कठिन छैन।

उद्योगका प्रशासन प्रमुख गम्भीरजङ्ग खत्रीका अनुसार १० लाख बोरा आपूर्ति गर्ने जिम्मा पाएको चितवनस्थित आशीर्वाद पोली प्याक्सले छ महिना अघिसम्म करिब पाँच लाख २७ हजार बोरा आपूर्ती गरिसकेको थियो । तर गत चैतमा कम्पनीले इन्धनको मूल्य वृद्धि भएको आफूले पहिलेको बाँकी रकम भुक्तानी नपाएकोलगायत कारण देखाउँदै रकम भुक्तानी नभएसम्म बोरा दिन नसक्ने स्पष्ट पाऱ्यो।


"तत्कालीन समयमा कम्पनीलाई उद्योगले रु २७ लाख भुक्तानी गर्न बाँकी थियो, हामीले पैसा दिनसक्ने अवस्था थिएन, त्यसैले बोरा आपूर्ती रोकिएको थियो, तर पछि उहाँलाई अनुरोध गरेपछि ५३ हजार १८७ बोरा आपूर्ती भयो", उहाँले भन्नुभयो। पछिल्लो पटक बोरा आपूर्ती भएपछि रु नौ लाखभन्दा बढी भुक्तानी भइसकेको छ भने अब पुरानो र नयाँ गरी करिब रु ३६ लाख भुक्तानी बाँकी छ।

आशीर्वाद पोली प्याक्सका शेयर सदस्य तथा बजार प्रमुख अनिल भण्डारी भने भुक्तानीको विषयमा फरक तर्क राख्छन् । उहाँका अनुसार उद्योगसँग करिब पाँच वर्षअघि दुई वर्षमा १० लाख बोरा आपूर्ती गर्ने गरी सम्झौता भएको थियो। तर उद्योगले माग नगरेपछि अहिलेसम्म पाँच लाख ८० हजार हाराहारीमा बोरा आपूर्ती गरिएको छ। उहाँका अनुसार कम्पनीले हालै रु पाँच लाख मात्रै भुक्तानी गरेको थियो भने अब करिब रु ४२ लाख लिन बाँकी छ।

**महङ्गोमा कोइला खरिद**

उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरेको विषयमा चर्को आलोचना हुँदै आएको छ। निजी क्षेत्रका उद्योगहरूले औसतमा प्रतिटन रु १९ हजारदेखि २० हजारमा कोइला खरिद गरिरहेकामा उद्योगले औसतमा रु २५ हजारदेखि रु ३० हजारमा कोइला खरिद गरिरहेको छ । उदाहरणका लागि उद्योगले २०८० कात्तिक १४ गते र सोही वर्षको मङ्सिर २ गते र प्रतिटन रु २७ हजार ६६६ मा कोइला खरिद गरेको थियो भने सोही वर्षको असार ३१ गते प्रतिटन रु २३ हजार ८३८ मा कोइला खरिद गरेको थियो। यसरी उद्योगले औसतमा कोइलामा प्रतिटन रु पाँच हजारदेखि रु १० हजारसम्म घाटा भइरहेको छ। उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्दा वार्षिक ५० हजार टन कोइला आवश्यक पर्छ। भन्सार विभागका अनुसार उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरिरहेको समयमा भने प्रतिटन रु १३ हजारमा कोइला आयात भइरहेको थियो। आयात भएको कोइलालाई उद्योगले करिब दोब्बर मूल्यमा खरिद गरिरहेको देखिन्छ।

त्यति मात्रै होइन, कोइलाको गुणस्तरमा पनि प्रश्न उठेको थियो । उद्योगका लागि आवश्यक



कोइलाको मापदण्डमा पनि प्रश्न उठ्ने गरेको छ। उद्योगमा प्रयोग गर्न मिल्ने कोइलाको जिसिभी मापदण्ड र 'मोस्चराइज' को मापदण्डमा पनि चलखेल हुने गरेको अध्ययनका क्रममा पाइएको जनाइएको छ।

**किलसेल मेसिनमा गडबडी**

उद्योगमा दुई वर्ष अघि ६० मिटर लम्बाइको किलसेलमध्ये २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा दुर्घटनामा पऱ्यो। जसका कारण रु पाँच करोडभन्दा बढी लागतको क्षति पुग्यो। हाल तीन वटा टुक्रा भएको किलसेल अलपत्र अवस्थामा छ। क्षतिग्रस्त भएपछि त्यसको मर्मत पनि गरिएको छैन भने अहिले बेवारिसे अवस्थामा राखिएको छ।

यसअघि पनि ५.८ मिटर लम्बाइको किलसेल खरिद गर्दा करिब रु ६ करोड खर्च भएको थियो, पछि सोभन्दा कम मूल्यमा २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा भएको दुर्घटनालाई अस्वभाविक रूपमा हेरिएको छ। यसले उद्योग सञ्चालनमा ठूलो क्षति पुगेको छ।

**अख्तियारमा मुद्दाको चाङ**

भ्रष्टाचार र कमजोर व्यवस्थापनमा फसेको उद्योगसम्बन्धी अहिले छ वटा मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ। जसमध्ये दुई वटाको हकमा मुद्दा दायर भइसकेको छ भने चार वटाको अध्ययन भइरहेको छ।

जसमा उद्योगका महाप्रबन्धक समेतले मिलेमतोमा टेण्डर नं. ४४-७ न्यू आयन सप्लायर्स सिद्धार्थनगर रूपन्देहीलाई १० प्रतिशत मौज्दुरमा छुट दिई अनियमितता गरेको भन्ने मुद्दामा अनुसन्धान भइरहेको छ भने तत्कालीन महाप्रबन्धक सुरेन्द्र पौडेल समेतले मिलेमतो गरी विभिन्न अनियमितता गरी उद्योगलाई धरासायी बनाएको उजुरीमा पनि अनुसन्धान भइरहेको छ।

आयोगका अनुसार तत्कालीन महाप्रबन्धक समेत उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा टेण्डर नं. ३१-१/०७४/०७५ मा सम्झौतामा तोकिएभन्दा बढी रकम भुक्तानी गरिएको भन्ने समेतमा पनि अनुसन्धान भइरहेको जारी छ। साथै कारखानाका तत्कालीन महाप्रबन्धक समेतले मिलेमतोमा अघिल्ला आवमा खरिद भएका कोइला रिजेक्ट भनी पुनः बिक्री वितरण गरेको भन्ने समेतमा आयोगले अनुसन्धान गरिरहेको छ।

त्यसैगरी आव २०६४/६५ देखि २०७७ पुस मसान्तसम्म सिमेन्ट उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, चुनढुङ्गा, क्लिङ्करको खपत बढी उत्पादन कम रहेको मुद्दा र तत्कालीन महाप्रबन्धक समेतले आवश्यकता औचित्यता नभएको प्राविधिक दृष्टिले रीतपूर्वक माग नभएको अवस्थामा खरिद ऐन, विपरीत पेसी भुक्तानी गरेको भन्ने उजुरीमा भने मुद्दा दायर भइसकेको छ।

**पुरानो प्रविधि**


उद्योग धराशायी हुनुमा पुरानो प्रविधि र मेसिनरी प्रमुख कारण देखिन्छ । खानी उत्खननदेखि कारखाना सञ्चालनसम्म पुरानै प्रविधिमा निर्भर रहँदा रोप-वे, कोल मिल, नियन्त्रण प्रणालीलगायतका उपकरण समयअनुसार अपग्रेड हुन सकेका छैनन्। आधुनिक प्रविधि नअपनाउँदा उत्पादन लागतसमेत बढेको छ । त्यस्तै, खानी उत्खननको लागत उच्च छ। अझै पुरानो ब्लास्टिङ प्रणालीबाट चुनढुङ्गा निकाल्दा विस्फोटक पदार्थ, सुरक्षा तथा सेना परिचालनका कारण उत्खनन खर्चिलो बनेको छ । आधुनिक उत्खनन प्रविधि अपनाउन नसक्दा ठूलो र गुणस्तरीय खानी हुँदाहुँदै पनि त्यसको लाभ लिन सकिएको छैन।

त्यसैगरी कम उत्पादकत्व पनि उद्योगको अर्को समस्या हो। कारखानाका धेरै उपकरण बढी उत्पादन क्षमताका लागि डिजाइन गरिएका भए पनि वास्तविक उत्पादन त्यसभन्दा कम छ। सामान्य मर्मतसम्भार तथा प्रणाली सुधारबाट उत्पादन बढाउन सकिने अवस्था हुँदाहुँदै त्यसतर्फ पर्याप्त काम हुन सकेको छैन । कमजोर व्यवस्थापन र जवाफदेहिताका कारण पनि उद्योगले गति लिन सकेको छैन । उद्योगको नियमित अनुगमन कमजोर हुनु, नेतृत्व परिवर्तन भइरहनु तर दीर्घकालीन योजना कार्यान्वयन नहुनु तथा उद्योगको अवस्थाबारे जिम्मेवार निकायबाट पर्याप्त निगरानी र रिपोर्टिङ नहुनु समस्या बनेको छ। उद्योगमा राजनीतिक हस्तक्षेप र युनियनबाजीले पनि व्यवस्थापनमा असर पारेको स्रोतको दाबी छ। काम नगर्ने प्रवृत्ति र आन्तरिक दाउपेचले उत्पादनमा असर पुऱ्याएको बताइएको छ । त्यस्तै, जनशक्ति व्यवस्थापनको समस्या पनि छ। आवश्यकताभन्दा बढी जनशक्ति र उच्च कर्मचारी लागत रहेको, दक्ष तथा अनुभवी प्राविधिक कर्मचारी अवकाश हुँदै जाने तर प्रशासनिक प्रकृतिको जनशक्ति बढी रहने अवस्था रहेको उल्लेख छ। दक्ष जनशक्तिलाई सीपअनुसार परिचालन गर्न नसक्दा पनि उत्पादकत्वमा असर परेको जानकार बताउँछन् । साथै, ऊर्जा लागत पनि पर्याप्त रूपमा नियन्त्रण हुन सकेको छैन। पुराना प्रणाली र ठूला मोटरका कारण विद्युत् खपत उच्च रहेको र ऊर्जा अडिट तथा प्रणाली सुधारमार्फत घटाउन सकिने खर्चमा पनि पर्याप्त ध्यान नदिइएको देखिन्छ।

त्यसैगरी व्यावसायिक बजार रणनीतिको अभावले पनि उद्योगलाई कमजोर बनाएको छ । उच्च गुणस्तरको चुनढुंगा र क्लिङ्कर हुँदाहुँदै क्लिङ्कर बिक्री, ब्लक सिमेन्ट तथा पिपिसी जस्ता सम्भावित बजारको पर्याप्त उपयोग हुन सकेको छैन।

**खानी हत्याउने प्रयास**

उदयपुर सिमेन्ट उद्योगको सबैभन्दा ठूलो शक्तिका रूपमा यसको खानीलाई लिइन्छ । जिल्लाको उत्तरी भेगमा पर्ने सुकौरा (सिन्धुवा) मा अवस्थित यो खानी उद्योग स्थल त्रियुगा नगरपालिका-६, जलजलेबाट करिब २७ किलोमिटर उत्तरमा पर्छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भारतको स्वतन्त्रता दिवस

नेपालको प्राचिनकालीन रोटीबेटी सम्बन्ध भएको भारतले ८० औं स्वतन्त्रता दिवस मनाएको छ । भारतमा विभिन्न तानाशाहहरुले शासन गरे । पछिल्लो पटक अंग्रेजको शासनलाई फाल्न भारतका नागरिकहरुले ठूलो संघर्ष गरे । भारी संख्यामा महिला पुरुषले बलिदान दिए । त्यसपछि भारत स्वतन्त्र भयो । भारतीयहरुले स्वतन्त्रताको लागि आन्दोलन गरिरहेको बेला नेपालीहरुले नेपालमा अंग्रेज विरुद्धको लडाई लडिरहेका थिए । त्यस बखत ठूलो संख्यामा नेपालका शीर्ष नेता, कार्यकर्ताहरु भारतमा रहेका थिए । उनीहरुले भारतको स्वतन्त्रता संग्राममा समेत सहयोग गरिरहेका थिए । अंग्रेजबाट पहिले भारत मूक्त भए । त्यसपछि राणाबाट नेपालीले पनि मूक्ति पाए । नेपाल र भारतको स्वतन्त्रता संग्राममा दुवै देशका नेता र नागरिक सहभागी भएका थिए । त्यसले दुवै देशबीचको राजनीतिक सम्बन्धलाई झन् प्रगाढ बनाएको थियो । त्रेतायुगकालीन भगवान सीतारामको वैवाहिक सम्बन्धदेखि नेपाल र भारतको स्वतन्त्रता संग्राम सम्म दुई देशको सम्बन्ध अत्यन्त प्रगाढ थियो । भारत स्वतन्त्र भएपछि जारी भएकै संविधान हालसम्म चलिरहेको छ । त्यसमा समयानुकूल धेरै पटक संशोधन भएको छ । तर संविधान फेरिएको छैन । भारतमा धेरै आन्दोलनहरु भए । तर कुनै आन्दोलनले संविधान पुनर्लेखन गर्ने अथवा स्वतन्त्रता हरणको पक्षमा भएन । भारतमा स्वतन्त्रता, संविधान लगायतका उपलब्धि ठूलो बलिदानीबाट प्राप्त भएको छ । हरेक भारतीय नागरिकको रगतमा स्वतन्त्रता र संविधानको रक्षाको प्रतिबद्धता छ । उनीहरुले देशको विकासका लागि एकजुट छन् । राष्ट्रियताको सवालमा भारतीय नागरिकमा कुनै प्रकारको विमति छैन । उनीहरु स्वतन्त्र भारतलाई विकासको शिखरमा पुऱ्याउन हरसम्भव प्रयास गरिरहेका छन् । भारतको एकताले भारतलाई विकासको मार्गमा अगाडि पुऱ्याइरहेको छ । भारतीय नागरिकले ८० औं स्वतन्त्रता दिवस मनाइरहेको खुशीमा नेपालीहरु पनि सहभागी भएका छन् । नेपाल र भारतबीचको सम्बन्धलाई सुदृढ बनाउन विभिन्न समयमा भएका परस्पर सहयोगी कार्यहरु पनि छन् । भारतमा संविधानलाई समयानुकूल संशोधन गर्दै त्यसलाई अझ बढी प्रभावकारी बनाइएको छ । नेपालले भारतसंगै राणाबाट मूक्ति पाए पनि विकासको प्रचुर सम्भावना भएर पनि पछि परेको छ । ८० वर्षमा नेपालमा कयौं संविधान फालिएको छ । कयौं संविधान निर्माण भए । तर संविधानमा समयानुकूल संशोधन नहुँदा त्यसलाई फाल्न नै कयौं आन्दोलन भयो । नेपालमा व्यवस्था परिवर्तनका लागि भएको विभिन्न आन्दोलनहरुले देशको विकासलाई पछि धकेल्ने काम भयो । राजनीतिक सहमति अनुसार समयानुकूल संविधानमा संशोधन गरेको भए नेपालमा पनि आन्दोलनको भन्दा विकास तर्फ नेपालीहरुको ध्यान केन्द्रित रहने थियो । नेपालमा जति विकासको सम्भावना अन्य धेरै विकसित र समृद्ध राष्ट्रहरुमा छैन । राजनीतिक सुझबुझले भारत विकासको मार्गमा द्रुतगतिले अगाडि बढेको छ । नेपाल विभिन्न राजनीतिक कलहमा परेको छ । भारतबाट राम्रा कुराहरु नेपालीले सिक्नुपर्छ ।

## देउवाको पुनरागमन :

# फेरि शक्तिको केन्द्र बन्दैछन् शेरबहादुर ?



● सुजीतकुमार झा

नेपाली राजनीतिमा केही नेताहरू पदमा हुँदा मात्र शक्तिशाली हुन्छन्, केही भने पदबाट बाहिरिएपछि पनि राजनीतिको दिशा प्रभावित गरिरहन्छन् । नेपाली कांग्रेसका निवर्तमान सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा दोस्रो श्रेणीमा पर्ने नेता हुन् । पाँच महिनाको लामो विदेश बसाइपछि स्वदेश फर्किएका देउवाले महाराजगञ्जस्थित निवासमा पत्रकारहरूसँग गरेको छोटो संवादले यही पुरानो राजनीतिक विशेषतालाई फेरि सतहमा ल्याएको छ ।

देउवा फर्किएलगत्तै दिएका अभिव्यक्तिलाई सामान्य प्रतिक्रिया भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन । विशेष महाधिवेशन, पार्टी एकता, सर्वोच्च अदालतमा विचाराधीन विवाद, प्रेस स्वतन्त्रता र आफ्नो गृहजिल्ला डडेलधुराप्रतिको भावनात्मक सम्बन्धबारे उनले व्यक्त गरेको धारणा आगामी राजनीतिक रणनीतिको संकेतका रूपमा बुझ्न सकिन्छ । उनको अभिव्यक्तिको मूल सन्देश स्पष्ट देखिन्छ– देउवा नेपाली राजनीतिबाट बाहिरिएका छैनन् र उपयुक्त राजनीतिक परिस्थिति बनेमा उनी फेरि शक्तिको केन्द्रमा फर्किन सक्छन् ।

नेपालको राजनीतिमा देउवाको पुनरागमन नयाँ घटना भने होइन । उनलाई पटकपटक राजनीतिक रूपमा कमजोर, असान्दर्भिक वा समाप्त भएको घोषणा गरियो । तर, हरेकपटक बदलिँदो राजनीतिक समीकरण, दलहरूबीचको विवाद र सत्ता निर्माणको आवश्यकताले उनलाई फेरि केन्द्रमा ल्यायो । यही इतिहासका कारण अहिले पनि देउवाको राजनीतिक भविष्यलाई सहजै खारेज गर्न सकिँदैन ।

### विशेष महाधिवेशनमाथि देउवाको कानुनी दाउ

स्वदेश फर्किएपछि देउवाले सबैभन्दा स्पष्ट रूपमा उठाएको विषय विशेष महाधिवेशन हो । उनले आफू पार्टी एकताको पक्षमा रहेको तर विशेष महाधिवेशनलाई आफूले स्वीकार नगरेको बताएका छन् । त्यसविरुद्ध अदालतमा मुद्दा परेको र सर्वोच्च अदालतबाट न्याय मिल्ने विश्वाससमेत उनले व्यक्त गरेका छन् ।

यो अभिव्यक्ति राजनीतिक रूपमा निकै महत्वपूर्ण छ । देउवा सडक संघर्ष, समानान्तर संगठन वा तत्कालको शक्ति प्रदर्शनभन्दा कानुनी वैधताको बाटो रोज्न चाहिरहेका छन् भन्ने देखिन्छ । यदि अदालतबाट विशेष महाधिवेशनसम्बन्धी निर्णय वा त्यसबाट सिर्जित राजनीतिक संरचनामाथि प्रश्न उठ्यो भने कांग्रेसभित्रको शक्ति सन्तुलन फेरि बदलिन सक्छ ।

यही ठाउँमा देउवाको राजनीतिक अनुभव काम लाग्न सक्छ । उनी तत्काल प्रतिक्रिया दिनेभन्दा समयको प्रतीक्षा गर्ने नेताका रूपमा चिनिन्छन् । अहिले पनि उनी तत्काल टकरावमा जानुभन्दा कानुनी प्रक्रियाको परिणाम कुरिरहेका छन् । अदालतको फैसला उनको पक्षमा आयो भने पार्टीभित्र आफ्नो पुरानो राजनीतिक हैसियत पुनः स्थापित गर्ने उनको बाटो धेरै सहज हुन सक्छ ।

तर अदालतको फैसला मात्र पर्याप्त हुने छैन । त्यसपछि पार्टीभित्रको संगठनात्मक शक्ति, कार्यकर्ताको समर्थन र नयाँ पुस्ताका नेतासँगको सम्बन्ध पनि निर्णायक बन्नेछ । त्यसैले देउवाको रणनीति कानुनी लडाइँसँगै राजनीतिक पुनर्संरचनातर्फ पनि केन्द्रित हुने सम्भावना छ ।

### देउवाको सबैभन्दा ठूलो शक्ति : संगठन

देउवाको राजनीतिक शक्ति उनको व्यक्तिगत लोकप्रियतामा मात्र आधारित छैन । दशकौँदेखि नेपाली कांग्रेसभित्र निर्माण गरेको संगठनात्मक सञ्जाल उनको सबैभन्दा ठूलो पूँजी हो ।

पार्टीका विभिन्न तह, भ्रातृ तथा शुभेच्छुक संस्था, जिल्ला संरचना र पुराना कार्यकर्तामाझ देउवाको प्रभाव अझै समाप्त भएको छैन । उनीसँग लामो समयदेखि राजनीतिक सम्बन्धमा रहेका नेताहरूको एउटा बलियो समूह अहिले पनि कांग्रेसभित्र सक्रिय छ ।

नेपाली कांग्रेसजस्तो देशव्यापी संगठन भएको पार्टीमा नेतृत्व परिवर्तन मात्रै माथिल्लो तहमा व्यक्ति परिवर्तन गरेर सम्भव हुँदैन । वडा, पालिका, जिल्ला हुँदै केन्द्रसम्मको संगठनात्मक संरचनामा प्रभाव निर्माण गर्नुपर्छ । यस दृष्टिले देउवा नयाँ होइनन् । उनीसँग वर्षौंको राजनीतिक सम्बन्ध र संगठन परिचालनको अनुभव छ ।

त्यसैले अहिले उनी पदमा नरहे पनि पार्टीभित्र उनको राजनीतिक प्रभाव तत्काल समाप्त हुने अवस्था देखिँदैन । यदि विशेष महाधिवेशनपछि उत्पन्न शक्ति सन्तुलन कमजोर भयो भने देउवा यही संगठनात्मक आधार प्रयोग गरेर फेरि निर्णायक भूमिकामा आउन सक्छन् ।

### डडेलधुरा र सुदूरपश्चिम : भावनात्मक मात्र होइन राजनीतिक आधार

देउवाको राजनीतिक यात्रामा डडेलधुराको भूमिका असाधारण छ । लामो समयदेखि उनले आफ्नो निर्वाचन क्षेत्रबाट निरन्तर राजनीतिक समर्थन पाउँदै आएका छन् । स्वदेश फर्किएपछि डडेलधुरा जाने, त्यहाँका नागरिकसँग भेट्ने र अधुरा विकासका काम अघि बढाउने इच्छा व्यक्त गर्नु त्यसैले मात्रै भावनात्मक अभिव्यक्ति मात्र होइन ।

राजनीतिमा आफ्नो आधार क्षेत्रसँगको सम्बन्ध कमजोर भयो भने राष्ट्रिय राजनीतिको प्रभाव पनि क्रमशः घट्न सक्छ । देउवाले यो कुरा बुझेका छन् । त्यसैले सुदूरपश्चिमसँगको आफ्नो सम्बन्धलाई पुनः सक्रिय बनाउनु उनको सम्भावित राजनीतिक पुनरागमनको एउटा महत्वपूर्ण हिस्सा बन्न सक्छ ।

डडेलधुरामा विमानस्थल निर्माणको विषय उठाएर उनले विकास र भावनात्मक सम्बन्ध दुवैलाई जोड्न खोजेका छन् । लामो समयदेखि आफ्नो राजनीतिक आधार रहेको क्षेत्रलाई फेरि सक्रिय बनाउने प्रयासले देउवालाई कांग्रेसभित्र मात्र होइन, सुदूरपश्चिमको राजनीतिमा समेत प्रभावशाली बनाइराख्न सक्छ ।

### संकटको समयमा देउवाको उपयोगिता

शेरबहादुर देउवाको अर्को ठूलो राजनीतिक शक्ति भनेको सहमति र सम्झौताको राजनीति हो । उनी विचारधारात्मक रूपमा कठोर ध्रुवीकरणभन्दा व्यावहारिक सत्ता समीकरणमा विश्वास गर्ने नेताका रूपमा स्थापित छन् ।

नेपालको संसदीय राजनीतिमा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सरकार निर्माण गर्न गठबन्धन अपरिहार्य हुने गरेको छ । यस्तो अवस्थामा विभिन्न दलसँग संवाद गर्न सक्ने र आवश्यकताअनुसार सम्झौता गर्न सक्ने नेताको महत्व बढ्छ ।

देउवाले विगतमा एमाले, माओवादी केन्द्रलगायत विभिन्न राजनीतिक शक्तिसँग सत्ता सहकार्य गरेका छन् । उनको आलोचना गर्नेहरूले यसलाई अवसरवादी राजनीति भन्छन् भने समर्थकहरूले राजनीतिक लचकता र सहमतिको क्षमता मान्छन् । तर एउटा तथ्य अस्वीकार गर्न सकिँदैन– गठबन्धन निर्माणको नेपाली राजनीतिमा देउवा अझै अनुभवी खेलाडी हुन् ।

यदि आगामी दिनमा नयाँ राजनीतिक शक्तिहरूबीच मतभेद बढ्यो, वर्तमान सत्ता समीकरण संकटमा पऱ्यो वा नेपाली कांग्रेसभित्रै नेतृत्व परिवर्तनका कारण अस्थिरता उत्पन्न भयो भने देउवाको यही अनुभव फेरि उपयोगी बन्न सक्छ ।

### राष्ट्रिय राजनीतिमा 'पुरानो तर अनुभवी' शक्तिको खोजी

नेपालको पछिल्लो राजनीतिमा नयाँ पुस्ता र नयाँ राजनीतिक शक्तिको प्रभाव तीव्र रूपमा बढेको छ । पुराना दल र नेतामाथि जनताको असन्तुष्टि पनि देखिएको छ । तर नयाँ शक्तिको उदयसँगै शासन सञ्चालन, राजनीतिक स्थायित्व र संस्थागत अनुभवको प्रश्न पनि उठेको छ ।

यहीँ देउवा जस्ता पुराना नेताको भूमिका फरक ढंगले देखिन सक्छ । उनी नयाँ पुस्ताको विकल्प होइनन्, तर संकटको समयमा अनुभव र राजनीतिक सम्बन्धका कारण आवश्यक बन्न सक्ने नेता हुन् ।

नयाँ शक्तिहरूबीच प्रतिस्पर्धा तीव्र हुँदै जाँदा, पुराना दलभित्र नेतृत्वको संघर्ष बढ्दा र सत्ता समीकरण जटिल बन्दा 'सबैसँग संवाद गर्न सक्ने' नेताको माग बढ्न सक्छ । देउवाको राजनीतिक पुनरागमनको सम्भावनालाई यही कोणबाट पनि हेर्नुपर्ने हुन्छ ।



### तर चुनौती पनि कम छैन

देउवा फेरि शक्तिको केन्द्र बन्ने सम्भावना छ भन्दैमा उनको बाटो सहज छ भन्ने होइन । सबैभन्दा ठूलो चुनौती नेपाली कांग्रेसभित्रको नयाँ पुस्ता हो ।

कांग्रेसभित्र लामो समयदेखि पुस्तान्तरणको बहस चलिरहेको छ । गगन थापा, विश्वप्रकाश शर्मा लगायतका नयाँ पुस्ताका नेताहरूले पार्टीलाई नयाँ विचार, नयाँ नेतृत्व र नयाँ कार्यशैलीतर्फ लैजानुपर्ने आवाज उठाउँदै आएका छन् । यस्तो अवस्थामा देउवाको पुनः सक्रियता पार्टीभित्र पुरानो नेतृत्वको पुनरागमनका रूपमा बुझिन सक्छ ।

त्यस्तै, लामो समय सत्तामा रहेका कारण देउवामाथि सुशासन, कार्यसम्पादन र नेतृत्व शैलीसम्बन्धी आलोचना पनि छ । उनी फेरि शक्तिको केन्द्रमा आउन चाहन्छन् भने पुरानो शैलीलाई मात्र दोहोऱ्याएर सम्भव हुँदैन । नयाँ राजनीतिक पुस्ताको अपेक्षा, सामाजिक सञ्जालको प्रभाव र जनताको बढ्दो जवाफदेहिताको मागलाई सम्बोधन गर्नुपर्ने हुन्छ ।

अर्को चुनौती कांग्रेसको आन्तरिक एकता हो । यदि पार्टीभित्रको विवाद समाधान भएन भने देउवाको पुनरागमनले पार्टीलाई एकीकृत गर्नुको सट्टा झन् ध्रुवीकृत बनाउन सक्छ ।

### प्रेस स्वतन्त्रताको अभिव्यक्ति पनि रणनीतिक सन्देश

देउवाले पत्रकारहरूसँगको भेटमा स्वतन्त्र र निष्पक्ष पत्रकारिताको आवश्यकतामा जोड दिएका छन् । पत्रकारिता कुनै व्यक्ति वा गुटको पक्षमा उभिन नहुने उनको धारणा थियो ।

यो अभिव्यक्ति लोकतान्त्रिक दृष्टिले महत्वपूर्ण भए पनि यसको राजनीतिक सन्देश पनि छ । पछिल्लो समय सामाजिक सञ्जाल र डिजिटल मिडियाले राजनीतिक छवि निर्माणमा ठूलो भूमिका खेलिरहेको अवस्थामा देउवा आफ्नो राजनीतिक छविलाई नयाँ ढंगले प्रस्तुत गर्न खोजिरहेका हुन सक्छन् ।

विगतको आलोचनाबाट बाहिर निस्कँदै लोकतान्त्रिक संस्था, प्रेस स्वतन्त्रता र निष्पक्ष सार्वजनिक बहसको पक्षमा आफूलाई उभ्याउनु उनको राजनीतिक पुनर्स्थापनाको प्रयासका रूपमा पनि बुझ्न सकिन्छ ।

### के देउवा फेरि प्रधानमन्त्री बन्न सक्छन् ?

यो प्रश्नको अहिले नै निश्चित रूपमा उत्तर दिन सकिँदैन । तर नेपाली राजनीतिको इतिहास हेर्दा सम्भावनालाई पूर्ण रूपमा अस्वीकार गर्ने आधार पनि छैन । देउवा पाँचपटक प्रधानमन्त्री भइसकेका नेता हुन् । सत्ता समीकरण बदलिँदा र दलहरूबीच सहमतिको आवश्यकता पर्दा उनी पटकपटक प्रधानमन्त्रीको कुर्सीमा पुगेका छन् । त्यसैले आगामी दिनमा कुनै राजनीतिक संकट उत्पन्न भयो र दलहरूलाई स्वीकार्य गठबन्धनको नेतृत्व आवश्यक पऱ्यो भने देउवाको नाम फेरि चर्चामा आउन सक्छ ।

तर यसपटक परिस्थिति विगतभन्दा फरक छ । जनताको अपेक्षा बदलिएको छ । नयाँ राजनीतिक शक्ति बलियो भएको छ । पुराना दलमाथि प्रश्न बढेको छ । त्यसैले देउवाको सम्भावित पुनरागमन मात्रै सत्ता समीकरणको खेलबाट सम्भव हुने छैन । उनलाई आफूलाई बदलिँदो राजनीतिक वातावरणअनुकूल प्रस्तुत गर्नुपर्नेछ ।

### देउवा हराएका होइनन्, प्रतीक्षामा छन् ?

नेपाली राजनीतिमा देउवाको सबैभन्दा विशिष्ट विशेषता नै यही हो– उनी धेरै बोल्दैनन्, तर राजनीतिक घटनाक्रमलाई नजिकबाट नियालिरहेका हुन्छन् । उनका लागि मौनता राजनीतिक निष्क्रियता होइन, कहिलेकाहीँ रणनीतिक प्रतीक्षा पनि हुन सक्छ ।

पाँच महिनापछि स्वदेश फर्किएर उनले एकैपटक विशेष महाधिवेशन, अदालत, पार्टी एकता, प्रेस स्वतन्त्रता र डडेलधुराको कुरा उठाउनु संयोग मात्र नहुन सक्छ । यी सबै विषय उनका सम्भावित राजनीतिक पुनरागमनका आधार हुन् ।

अदालतको फैसला उनको पक्षमा आउनु, कांग्रेसभित्र असन्तुष्टि बढ्नु, वर्तमान नेतृत्व कमजोर हुनु, नयाँ सत्ता समीकरण निर्माण हुनु वा राष्ट्रिय राजनीतिमा संकट उत्पन्न हुनु– यीमध्ये कुनै पनि परिस्थितिले देउवालाई फेरि केन्द्रमा ल्याउन सक्छ ।

त्यसैले शेरबहादुर देउवालाई राजनीतिक रूपमा समाप्त भएको घोषणा गर्नु अहिले पनि जोखिमपूर्ण विश्लेषण हुन सक्छ । उनीसँग पद नहुन सक्छ, तर संगठन, सम्बन्ध, अनुभव र राजनीतिक सञ्जाल अझै बाँकी छ ।

देउवाको शक्ति पदमा होइन, परिस्थितिमा छ

शेरबहादुर देउवाको सम्भावित पुनरागमनलाई मात्रै एक व्यक्तिको सत्तालिप्साका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो नेपाली राजनीतिको संरचनात्मक चरित्रसँग जोडिएको विषय हो । यहाँ राजनीतिक शक्ति मात्रै चुनावी मतबाट निर्धारण हुँदैन; संगठन, सम्बन्ध, गठबन्धन, कानुनी वैधता र संकट व्यवस्थापनको क्षमताले पनि शक्ति निर्माण गर्छ ।

देउवासँग यीमध्ये धेरै आधार अझै छन् । त्यसैले उनी फेरि शक्तिको केन्द्र बन्ने सम्भावना जीवित छ ।

तर यसपटक उनको अगाडिको बाटो विगतजस्तो सहज हुने छैन । नयाँ पुस्ताको चुनौती, पार्टीभित्रको नेतृत्व संघर्ष, जनताको बदलिँदो अपेक्षा र नयाँ राजनीतिक शक्तिको दबाबले उनलाई नयाँ शैली अपनाउन बाध्य पार्नेछ ।

अन्ततः देउवाको राजनीतिक पुनरागमन अदालतको फैसला वा कुनै एउटा घटनाले मात्र तय गर्ने छैन । कांग्रेसभित्रको शक्ति सन्तुलन, राष्ट्रिय राजनीतिको आगामी समीकरण र संकटको समयमा उनलाई आवश्यक पर्ने राजनीतिक भूमिकाले त्यसको निर्धारण गर्नेछ ।

नेपाली राजनीतिमा देउवालाई धेरैपटक किनारामा पुगेको ठानियो, तर उनी फेरि फर्किए । अहिले पनि उनको मौनता समाप्त भएको छ र राजनीतिक सक्रियताको संकेत देखिन थालेको छ । त्यसैले सम्भावित राजनीतिक समीकरणहरूलाई हेर्दा एउटा निष्कर्ष निकाल्न सकिन्छ– शेरबहादुर देउवा फेरि शक्तिको केन्द्र बन्ने सम्भावना समाप्त भएको छैन; बरु उपयुक्त राजनीतिक परिस्थिति बनेमा उनी फेरि नेपाली राजनीतिको निर्णायक खेलाडीका रूपमा उदाउन सक्छन् ।

# आखिर मरेको रहेनछ भारतको लोकतन्त्र



● कपिल कोमारेड्डी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले तीन दशकभन्दा लामो समयदेखि एउटा रहस्यमय छवि निर्माण गरेका थिए। डर, विस्मय र अगाध श्रद्धाद्वारा निर्मित उनको त्यही छविले लोकतान्त्रिक विश्वको सबैभन्दा ठूलोमध्ये एक व्यक्तित्व पूजालाई जन्माएको थियो।

तर, यतिबेला त्यो छवि ध्वस्त भएको छ।

चिकित्सा शिक्षाको प्रवेश परीक्षाका लागि तयार गरिएको प्रश्नपत्र चुहावटका कारण सुरु भएको एउटा सानो विरोध केही हप्तापछि मोदीको १२ वर्षे शासनकालकै सबैभन्दा ठूलो राजनीतिक विद्रोहमा परिणत भयो।

विद्यार्थी, भर्खर कलेज पूरा गरेकाहरू, बेरोजगार मजदुर, किसान र एकाध सेलेब्रिटीहरू यो आन्दोलनमा एकत्रित भए। उनीहरूले सडक र सामाजिक सन्जालमा पछिल्ला दुई पुस्ताको सबैभन्दा बलिया नेता मोदीको भरपूर मजाक उडाए। अनि नयाँ दिल्लीको संसद् भवनतर्फ अघि बढे।

लाठी र अश्रुग्यास बोकेका प्रहरी अधिकारीहरू प्रदर्शनकारीमाथि जाइलागे। तर, कुनामा धकेलिएका मोदी शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामाका लागि तयार भए। कहिल्यै झुक्न तयार हुँदैनन् भन्ने राजनीतिक भाष्य निर्माण गरेका मोदीका लागि यो दुर्लभ झुकाइ थियो।

यसपालिको यो विद्रोह परीक्षाको प्रश्नपत्र चुहावटमा मात्र सीमित थिएन। यो त स्वयं भारतीय लोकतन्त्रले आफूलाई सुधार्न सक्छ कि सक्दैन भन्ने परीक्षा थियो।

यो आन्दोलन भारतीय युवाहरूको एउटा पुस्तामा थिग्रिन पुगेको निराशाको नतिजा थियो। ती युवाले आफ्नो खराब हालत मोदीले निर्माण गरेको समृद्ध 'नयाँ भारत'को कथासँग मेल नखाएको देखे। र, हेर्दा अपराजेय देखिने मोदीलाई पछि हट्न बाध्य तुल्याए। यसले के देखाउँछ भने लोकतान्त्रिक संस्थाहरूलाई खोक्रो तुल्याएर आफ्नो वरिपरि शक्ति केन्द्रित गर्ने मोदीको एक दशक लामो प्रयासका बाबजुद भारतीय लोकतन्त्रका असली रक्षक यसका नागरिक नै रहेछन्।

मुलुकलाई भ्रष्टाचारमुक्त बनाउँछु, सबैको प्रगति गर्छु र सबैलाई अवसर दिन्छु भनेर मोदी सत्तामा पुगेका थिए। त्यसका लागि करोडौं रोजगारी सिर्जना गर्ने उनको वाचा थियो। त्यस्तै भ्रष्टहरूले विदेशी ब्यांकमा लुकाएर राखेको रकम फिर्ता गर्न सके गरिब नागरिकले १५ लाख भारतीय रूपैयाँका दरले पैसा पाउनसक्ने उनको भनाइ थियो ।

त्यसको सट्टा व्यवहारमा भने उनले आफूलाई ठूलो ठान्ने, असक्षम र द्वेषपूर्ण हिन्दु पहिलो दर्जाको हुने सत्ता दिए। त्यो सत्तामा महाधनी व्यक्तिहरूको अल्पतन्त्र चल्यो, जसले व्यापक स्रोतसाधनमा नियन्त्रण जमायो। व्यावहारिक रूपमा हेर्ने हो भने अर्थतन्त्र नै उनीहरूको हातमा छ ।

बेरोजगारी अत्यधिक छ, खासगरी युवाहरूमा । मुसलमान र अरु धार्मिक अल्पसंख्यकविरुद्ध सरकार क्रूरतापूर्वक प्रस्तुत हुन्छ। ताकि बहुसंख्यक हिन्दुहरूले जनताको जीवनस्तर सुधार्नमा मोदीले पाएको असफलतामा ध्यान नदिऊन्। र, संसद्, न्यायपालिका, प्रेसजस्ता भारतीय लोकतन्त्रको स्वास्थ्यका लागि जरुरी संस्थाहरूले मोदीको प्रशस्तिगान गाइरहून् ।

रातदिन प्रधानमन्त्रीको प्रशंसा गर्नु सरकारी संयन्त्रको सबैभन्दा पहिलो प्राथमिकता बनेको छ। देशको सबैभन्दा ठूलो रंगशालाको नाम मोदीकै नामबाट राखिएको छ । सबैभन्दा गरिबहरूलाई वितरण गरिने रासनको प्याकेटमा उनकै तस्बिर छ । सरकारी अधिकारीहरूले विद्यार्थीहरूलाई उनको जन्मदिन मनाउन बाध्य पार्छन्। उनको रेडियो कार्यक्रम सुन्न नागरिकहरूको ठुल्ठूला सभा आयोजना गरिन्छ।

मोदीको अहंकारी शासनबाट उपेक्षित जनतामा विपक्षी पूर्ण रूपमा प्रभावहीन भएको देखेर एउटा पराजयको भावना बढेको थियो । उनीहरूले आफूलाई विश्वास दिलाइसकेका थिए- मोदीलाई कसैगरी चुनावमा हराउन सकिन्न ।

मोदी अहिले ७५ वर्षका भए । विश्वको सबैभन्दा ठूलो युवा जनसंख्या भएको मुलुकको नेतृत्व गर्न आफू अब सक्षम नरहेको स्वीकार गरेर सायद उनले ठाउँ छाड्ने छन् । तर, घाइते र कमजोर दुवै भएका उनी अझ खतरनाक बन्न पनि सक्छन्। चोट लागेको सत्ता पुनर्स्थापित गर्न उनी पहिलेभन्दा अप्रत्याशित हुन सक्छन्। सरकारले गरेको वाचा विपरीत प्रहरीले प्रदर्शनमा सहभागी भएका विद्यार्थीहरूलाई पक्राउ गरिरहेको खबर आएका छन् ।

जे भए पनि कुनै समय दिव्य शक्ति भएका 'ईश्वरको दूत' घोषित मोदीलाई यो विनम्र तुल्याउने क्षण हो।

'मलाई उनको पूजा गर्न सिकाइएको थियो,' अघिल्लो शुक्रबार प्रदर्शनस्थलमा एक विद्यार्थीले मसँग भनेका थिए। त्यहाँ स्वयंसेवकहरूले पानी, खाना बाँडिरहेका थिए । अपरिचितहरूलाई पंखाले हावा दिइरहेका थिए। प्लाकार्डमा नारा लेखिएको थियो, ' मोदी जब डराउँछन्, हिन्दु-मुस्लिम भन्न थाल्छन् ।'

'तर, अहिलेसम्म डिप्लोमाको सर्टिफिकेट देखाउन नसक्नेलाई हामीले किन नेता मान्ने?' ती विद्यार्थीले थपे। मोदीको पार्टीले सार्वजनिक गरेको उनका प्रमाणपत्रहरूका विषयमा लामो समयदेखि विवाद जारी छ। जुन विद्यार्थीहरूको प्रदर्शनमा पनि सुनिन्थ्यो।

दसौं लाख भारतीय युवाका लागि उच्च शिक्षामा जान अत्यन्त प्रतिस्पर्धात्मक प्रवेश परीक्षामा नाम निकाल्नु एउटा सम्मानपूर्ण जिन्दगीको प्रवेशद्वार हो । त्यही परीक्षाको तयारीका लागि कति परिवारले ऋण लिन्छन्, गहना वा घर बन्धकी राख्छन् ।

तर, त्यही परीक्षाका प्रश्नपत्र बारम्बार लिक हुन्छन् । तिनलाई बेचिन्छ । जसले महिनौं घोटिएर तयारी गरेका विद्यार्थीहरूको जिन्दगीमा ठूलो उथलपुथल ल्याउँछ । यसको हद मे महिनामा पार भयो, जब २० लाखभन्दा बढी विद्यार्थीले भाग लिएको नेसनल मेडिकल स्कुलको प्रवेश परीक्षा रद्द भयो। फेरि परीक्षा दिनुपर्ने सुनेर केही विद्यार्थीले आफ्नो ज्यानै दिए ।

आक्रोश तब अझ बढ्यो, जब भारतका प्रधानन्यायाधीश सूर्य कान्तले एउटा अलग विषयमा बेरोजगार युवाहरूलाई ' ककरोच'सँग तुलना गरे । यसले प्रदर्शनकारीहरूलाई एउटा गतिलो चिह्न दियो। ककरोच जनता पार्टी जन्मियो । मजाकका रूपमा जन्मिएको यो पार्टी एउटा सिंगो पुस्ताको आक्रोश पोख्ने माध्यम बन्न पुग्यो । शिक्षामन्त्रीको राजीनामा, आत्महत्या गरेका विद्यार्थीको परिवारलाई क्षतिपूर्तिजस्ता माग राखेर देशभरका लाखौंलखा युवा यो आन्दोलनमा सरिक भए। सोनाम वाङ्चुकको अनशनले आन्दोलनमा अझ तेज बनाइदियो ।

सुरुमा सरकारले प्रदर्शनकारीहरूलाई बेवास्ता गऱ्यो। सरकारका बफादार मिडियाले उनीहरूलाई देशमा अस्थिरता ल्याउन विदेशी एजेन्टबाट परिचालित भने । तर, जुलाई २० का दिन दिल्लीमा शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले युवाहरूलाई पिटेको भिडिओले त्यो झुटलाई नंग्याइदियो। त्यो दिन मोदी भारी सुरक्षाका साथ संसदबाट निक्लिन बाध्य भए । यसले उनको अपराजेय छविको आभा मेटाइदियो ।

पछिल्लो समय दक्षिण एसियाका श्रीलंका, बंगलादेश र नेपालमा डिजिटल माध्यमबाट जोडिएका युवाहरूको नेतृत्वमा भएका आन्दोलनले निरंकुश बन्न खोजेका शासकहरूलाई सत्ताच्यूत गरेका छन् ।(न्युयोर्क टाइम्सबाट। कपिल कोमारेड्डी मलेभोलेन्ट रिपब्लिक : ए हिस्ट्री अफ द न्यु इन्डिया पुस्तकका लेखक हुन् ।)

# सरकार र शैक्षिक परामर्श व्यवसायीबीचको वार्ता चाँडै निष्कर्षमा पुग्ने विश्वास




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पौडेलले सरकार र शैक्षिक परामर्श व्यवसायीबीचको वार्ता चाँडै निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपाल शैक्षिक परामर्श सेवा सङ्घ (नेक्सा) को दोस्रो वार्षिक दिवसका अवसरमा आज आयोजित कार्यक्रममा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शिक्षा क्षेत्रका संयोजक पौडेलले 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' विगत सरकारकै मस्यौदाका आधारमा ल्याइएको जनाउनुभयो ।

उहाँले यो नियमावली ल्याउनुपर्ने आवश्यकता भएरै ल्याइए पनि कार्यान्वयनका सवालमा सरोकार भएका पक्षसँगको वार्तालाई सरकारले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले सरकार शैक्षिक परामर्श क्षेत्रका व्यवसायी र विद्यार्थीको हितमा रहने स्पष्ट गर्दै विदेशमा गएर आर्जन हुने सीप, अनुभव र पुँजीलाई स्वदेशको विकासका प्रयोग गरिनुपर्ने बताउनुभयो ।

नेक्साका अध्यक्ष सन्तोष खनालले शिक्षा तथा खेलकुद मन्त्रालयसँग आफूहरूको पहिलो चरणको वार्ता भएको र दोस्रो चरणको वार्ताका लागि विषयवस्तुको तयारी भइरहेको बताउनुभयो । उहाँले नियमावलीमा व्यवस्था गरिएको रु २५ लाख धरौटी, 'कन्सल्टेन्सी'का कार्यालय पूर्वाधारका शर्तहरु, विदेशमा पढ्न जाने विद्यार्थीको दायित्वका विषयमा सरकारले पुनः विचार गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा डा जीवन खनाल, डा निरञ्जन कोइराला, डा विनय तामाङलगायतलाई सम्मान गरिएको थियो । उहाँहरूले ७० वर्षअघि युद्ध र गरिबीको चपेटामा परेको दक्षिण कोरियाली जनताले कडा मेहनतका साथ आफूलाई अहिले विकसित र सम्पन्न मुलुकका रुपान्तरण गरेको विषया नेपालका लागि गतिलो पाठ हुने बताउनुभयो ।

नेक्साका महासचिव गणेश बेल्वासेले 'सिक, कमाउ र फर्क' भन्ने अभियानका साथ आफूहरूले जिम्मेवारीपूर्वक शैक्षिक परामर्श सेवा सञ्चालन गरिरहेको र यसबारे आफ्नो दोस्रो वार्षिक साधारणसभामा समीक्षा हुने जानकारी दिनुभयो । रासस

# जेन–जी आन्दोलनका शहीद परिवार र घाइतेलाई ५० लाखसम्म सहुलियतपूर्ण कर्जा



काठमाण्डु । सरकारले जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई स्वरोजगार उद्यम सञ्चालनका लागि रु ५० लाखसम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

अर्थ मन्त्रालयले शुक्रबार 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३' जारी गर्दै यस्तो व्यवस्था गरेको हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले कार्यविधि संशोधन गरेको जनाएको छ ।

संशोधित कार्यविधिमा जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइते लक्षित स्वरोजगार उद्यम कर्जा पद्धति थप गरिएको छ । यस्तो कर्जाका लागि जेन-जी आन्दोलनका शहीद परिवार वा घाइतेलाई रु ५० लाखसम्म कर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।

कार्यविधिअनुसार जेन-जी आन्दोलनका शहीद परिवार वा घाइते भएको नेपाल सरकार वा प्रचलित कानुनबमोजिम तोकिएको निकायबाट प्रमाणित भएको हुनुपर्नेछ । 'जेन-जी आन्दोलनका शहीद परिवार' भन्नाले आन्दोलनमा शहीद भएको व्यक्तिको पति, पत्नी, छोरा, छोरी, बाबु वा आमालाई जनाउने स्पष्ट पारिएको छ ।

शहीद परिवार तथा घाइतेका लागि सहुलियतपूर्ण कर्जा कृषि तथा पशुपन्छी व्यवसाय, घरेलु तथा साना उद्योग, सेवा व्यवसाय, सूचना प्रविधिमा आधारित व्यवसाय, पर्यटन व्यवसाय, उत्पादनमूलक उद्योग, स्टार्टअप उद्यम तथा नेपाल सरकारले समय-समयमा तोकेका अन्य उत्पादनमूलक तथा रोजगारीमूलक व्यवसाय सञ्चालन गर्न उपलब्ध गराउन सकिनेछ ।

यससँगै सरकारले जेन-जी आन्दोलनबाट प्रभावित परिवार तथा घाइतेलाई स्वरोजगार र उद्यमशीलतामार्फत आर्थिक रूपमा सबल बनाउने उद्देश्यले सहुलियतपूर्ण कर्जाको दायरा विस्तार गरेको छ । रासस

# उच्च अदालत बारमा वामपन्थी प्यानल विजयी




**टुडे समाचारदाता**

काठमाण्डु । उच्च अदालत बार एशोसिएशन पाटनको निर्वाचनमा एमाले निकट प्रगतिशील तथा पेसागत कानुन व्यवसायी समूह (पीपीएलए) का अध्यक्ष पदका उम्मेदवार सेवन्तराज निरौला निर्वाचित भएका छन् ।

अन्तिम मतपरिणामअनुसार निरौलाले १ हजार १५२ मत प्राप्त गर्दै अध्यक्षमा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेस निकट डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) का उम्मेदवार देवीप्रसाद रिजालले १२२ मत प्राप्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट उम्मेदवार भेषराज पोखरेलले १९९ मत पाएका छन् ।

अध्यक्ष पदमा निरौला विजयी हुँदा कांग्रेस र रास्वपा निकट उम्मेदवार भने उनको तुलनामा निकै पछाडि परेका छन् ।

# प्रधानमन्त्री साहद्वारा भारतको स्वतन्त्रता दिवसका अवसरमा शुभकामना



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र साहले भारतको ८० औं स्वतन्त्रता दिवसका अवसरमा उहाँका समकक्षी नरेन्द्र मोदी, भारत सरकार तथा भारतीय जनतामा शुभकामना व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री साहले सामाजिक सञ्जाल एक्समार्फत भारतको स्वतन्त्रता दिवसका अवसरमा प्रधानमन्त्री मोदीसहित भारत सरकार र मैत्रीपूर्ण भारतीय जनतामा शुभकामना व्यक्त गर्नुभएको हो । उहाँले नेपाल र भारतबीच रहेको गहिरो ऐतिहासिक सम्बन्ध, जनस्तरको निकट सम्बन्ध तथा दुई देशबीचको सहकार्य आगामी दिनमा अझ सुदृढ हुँदै जानेमा विश्वास व्यक्त गर्नुभएको छ । "नेपाल र भारतबीचका गहिरो ऐतिहासिक सम्बन्ध, जनताबीचको निकट सम्बन्ध र सहकार्य आगामी वर्षहरूमा अझ बलियो हुँदै जाओस्," प्रधानमन्त्री शाहले शुभकामना सन्देशमा भन्नुभएको छ । रासस

# परिवर्तनलाई आत्मसात् गरेर युवाहरू अगाडि बढ्नुपर्छ : ऊर्जामन्त्री श्रेष्ठ




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले परिवर्तनलाई आत्मसात् गरेर युवाहरू अगाडि बढ्नुपर्ने बताउनुभएको छ । महर्षि कलेज सामाखुशीले शनिबार यहाँ आयोजना गरेको 'स्वागत अभिमुखीकरण तथा सांस्कृतिक' कार्यक्रममा उहाँले युवा पुस्ताको ऊर्जाबाट समृद्ध मुलुक निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सूचना प्रविधिमार्फत विश्वलाई एक ठाउँमा जोड्दै लगेको भन्दै मन्त्री श्रेष्ठले सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै समृद्ध मुलुक निर्माणमा योगदान गर्न युवालाई आग्रह गर्नुभयो । उहाँले शिक्षा सँगसँगै मानसिक स्वास्थ्यलाई पनि विद्यार्थीले ख्याल दिनुपर्ने बताउनुभयो ।

शिक्षा विकास तथा इकाई समन्वय काठमाडौँका प्रमुख सुरेश जोशीले छोटो समयमा महर्षि विद्यालयले नेपालको शिक्षा क्षेत्रमा खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो । शिक्षा भनेको व्यक्तिभित्र रहेको प्रतिभालाई उजागर गरेर देखाउने माध्यम भएको उहाँको भनाइ थियो ।

कलेज सञ्चालक समितिका अध्यक्ष एवं पूर्वसांसद प्रकाशचन्द्र दवाडीले २० वर्षको इतिहास बोकेको महर्षि कलेजले नेपालको शिक्षा क्षेत्रको विकासमा निरन्तर काम गर्दै आइरहेको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय कलाकार राजु परियार, बेलिमाया पुलामीमगरलगायतले सांस्कृतिक प्रस्तुति गर्नुभएको थियो भने विद्यार्थीलाई अभिमुखीकरण प्रदान गरिएको थियो । रासस

# आदिवासीको अधिकारको सवालमा एमाले प्रतिबद्ध छः अध्यक्ष ओली



इलाम । पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले संविधानले सुनिश्चित गरेको आदिवासी जनजातिको अधिकारको सवालमा आफ्नो पार्टी प्रतिबद्ध रहेको बताउनुभएको छ ।

इलामको सूर्योदय नगरपालिका-१० स्थित फिक्कलमा आजदेखि सुरु भएको पार्टीको जनसङ्गठन लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घको केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै उहाँले त्यस्तो बताउनुभएको हो ।

"आदिवासी जनजातिको अधिकार, भाषा, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनका लागि एमाले सधैं प्रतिबद्ध छ", ओलीले भन्नुभयो, "सबैको सहअस्तित्वलाई बलियो बनाउँदै राष्ट्रिय एकतालाई थप मजबुत बनाउनुपर्छ ।"

एमालेले विगतदेखि समावेशी लोकतन्त्र, सामाजिक न्याय र समान अवसरको वकालत गर्दै आएको दाबी गर्दै अध्यक्ष ओलीले विभिन्न जातजातिका नाममा विभाजन र द्वन्द्व सिर्जना गर्नेभन्दा सबै समुदायलाई सहअस्तित्वका आधारमा अधिकार र अवसर प्रदान गर्दै राष्ट्रिय हितमा लाग्नुपर्ने बताउनुभयो ।

बैठकमा लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घको साङ्गठनिक अवस्था, आगामी कार्ययोजना, आदिवासी जनजातिको सवाल एवं समसामयिक राजनीतिक विषयमा छलफल हुने बताइएको छ । रासस

# बागमतीमा मन्त्रालय गाभिएपछि प्रदेश सचिवको क्षेत्रगत जिम्मेवारी तोकियो




हेटौँडा । बागमती प्रदेश सरकारले मन्त्रालय गाभिएपछि प्रदेश सचिवको क्षेत्रगत जिम्मेवारी तोकेको छ ।

यही साउन २९ गतेको प्रदेश मन्त्रिपरिषद् बैठकले गाभिएका मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न नभएसम्मका लागि प्रदेश सचिवलाई क्षेत्रगत जिम्मेवारी तोक्ने निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयको जिम्मेवारी महेश भट्टराईलाई दिइएको छ ।

त्यसैगरी उद्योग, वाणिज्य, पर्यटन, श्रम तथा यातायात मन्त्रालयअन्तर्गत जीवलाल भुसाललाई उद्योग तथा वाणिज्य क्षेत्र, अनिता निरौलालाई श्रम तथा यातायात क्षेत्र र दीपेन्द्र सुवेदीलाई संस्कृति तथा पर्यटन क्षेत्रको जिम्मेवारी तोकिएको छ ।

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयअन्तर्गत गीताकुमारी होमेगाईंलाई युवा तथा खेलकुद क्षेत्र, डा सुमित्रा गौतमलाई स्वास्थ्य क्षेत्र र खुबिराम अधिकारीलाई सामाजिक क्षेत्रको जिम्मेवारी दिइएको छ ।

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयअन्तर्गत डा केदार बराललाई वन तथा वातावरण क्षेत्र र सुधिर श्रेष्ठलाई कृषि तथा पशुपन्छी क्षेत्रको जिम्मेवारी तोकिएको प्रवक्ता तामाङले जानकारी दिनुभयो ।

उक्त जिम्मेवारी गाभिएका मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न नभएसम्म कायम रहने प्रवक्ता तामाङले बताउनुभयो । रासस

# 'हिजो जुन समस्या देखाएर नेतृत्व बदलियो, आज समाधान किन भएन ?'



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले हिजो चर्को स्वरमा उठाइएका प्रश्नको जवाफ आजको अवस्थाले खोजिरहेको बताएका छन् ।

महासचिव पोखरेलले सडकका खाल्डा, सार्वजनिक सेवामा लामो लाइन, मलको अभाव र विदेशिने युवाको लर्कोलगायतका समस्या देखाएर नेतृत्व परिवर्तनको हुटहुटी देखाइएको भए पनि सत्तामा पुगेपछि न्यूनतम कार्यक्षमतासमेत देखाउन नसकिएको टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत शनिबार आफ्नो धारणा सार्वजनिक गर्दै पोखरेलले लेखेका छन्, 'हिजो जुन समस्या देखाएर नेतृत्व बदल्न खोजिएको थियो, ती दैनिक समस्या अहिले पनि समाधान भएका छैनन् ।

भविष्यप्रतिको आशा जोगिन सकेको छैन र भूराजनीतिक असन्तुलन तथा असुरक्षा, साम्प्रदायिक एवं धार्मिक सद्भावमा खलबली तथा चरम निराशा र मानसिक तनाव बढिरहेका छन् ।' सडकका खाल्डा पुर्न नसक्नेले ठूला सपना बाँड्ने ? सेवा लिन घण्टौं लाइन बस्नुपर्ने, समयमा मल नपाइने र एयरपोर्टमा युवाको लर्को लाग्ने अवस्थामा विकासका गफ दिने ?' भन्दै हिजो प्रश्न उठाइएको स्मरण गर्दै पोखरेलले आज न ती दैनिक समस्या हल भएको न भविष्यप्रतिको आशा नै जोगिएको बताएका छन् । उनले भूराजनीतिक असन्तुलन र असुरक्षा चुलिँदै गएको, साम्प्रदायिक र धार्मिक सद्भाव खलबलिँदै गएको तथा चरम निराशा र मानसिक तनाव बढ्दै गएको उल्लेख गरेका छन् ।

महासचिव पोखरेलले हिजो जुन समस्या देखाएर नेतृत्व बदल्ने हुटहुटी देखाइएको थियो, आज सत्तामा पुग्दा न्यूनतम कार्यक्षमता किन देखिएन भन्ने प्रश्न गरेका छन् ।

'अब अरूलाई दोष थोपरेर उम्किने छुट कसैलाई छैन,' उनले लेखेका छन् । देशको सुधारका लागि उनले चारवटा विषयमा जोड दिएका छन् ।

उनका अनुसार देश आर्थिक रूपमा सबल नभई आधारभूत समस्या पूर्ण रूपमा समाधान हुँदैनन् भन्ने यथार्थ स्वीकार गरी इमानदार पहलकदमी लिनुपर्छ ।

त्यस्तै, दैनिक समस्याको गाँठो फुकाउँदै विकास र समृद्धिका दीर्घकालीन योजना सँगसँगै अघि बढाउनुपर्ने उनको सुझाव छ । संकटमा एक्लै हिँड्ने हठ त्यागेर सहमति र सहकार्यको राजनीतिमा फर्किनुपर्ने तथा प्रशासनिक र सुरक्षा निकायलाई विश्वासमा लिई संविधान र कानुनको पालना एवं सुधारमा जोड दिनुपर्ने पोखरेलले बताएका छन् ।

'यति गर्न सके सडकबाट सरकार बदल्नुपर्ने नियति दोहोरिने छैन,' पोखरेलले लेखेका छन् ।

# इतिहासबाट बिदा हुन लागेका पुराना शक्ति फेरि जुर्मुराउनु विडम्बनापूर्ण

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले जेन- जी विद्रोहको बर्षदिन पुग्नलाग्दा इतिहासबाट बिदा हुन लागेका पुराना शक्तिहरू फेरि जुर्मुराउन थाल्नु विडम्बनापूर्ण भएको टिप्पणी गरेका छन् ।

उदीयमान नयाँ शक्तिहरू चौबाटोमा अलमलिए जस्तो देखिएकाले पुराना शक्तिहरू फेरि जुर्मुराउन थालेको उनको भनाइ छ ।

उनले भनेका छन्, 'अर्कोतिर, बाह्य रूपमा झन् मडारिँदै गइरहेको भूराजनीतिक बादल र आन्तरिक रूपमा सतहमुनि लामो समयदेखि पुत्पुताइरहेको अर्थराजनीतिक र सामाजिक-सांस्कृतिक ज्वालामुखी कुनै पनि बेला विस्फोट हुनसक्ने खतरा अरू प्रबल बन्दै गइरहेछ ।' देश र जनताप्रति प्रतिबद्ध सबै शक्तिहरूले विश्व इतिहास र आफ्नै इतिहासबाट सिकेर आआफ्नो भूमिका जिम्मेवारपूर्ण ढङ्गले निर्वाह गर्नु जरुरी रहेको उल्लेख गरेका छन् ।

उनले थपेका छन्, 'त्यसनिम्ति पुराना शक्तिहरूले इख साँध्ने ढंगले हलो अट्काएर गोरु चुट्ने तरिका अपनाउने हैन इमान्दारपूर्ण आत्मसमीक्षा गर्नु र नयाँ सत्ताधारीहरूले अहङ्कार पूर्ण तरिकाले एक्लै आकाश थाम्न खोज्ने हैन विनम्र र संयमपूर्ण ढङ्गले सबैको साथ लिएर राज्यको दायित्व पूरा गर्नु श्रेयस्कर हुनेछ । अन्यथा गर्नु यो सङ्गिन ऐतिहासिक घडीमा देश र जनताको निम्ति निकै जोखिमपूर्ण र घातक हुनेछ ।'रासस

# 'ग्यास लिन पनि परिचयपत्र बोकेर लाइन बस्नुपर्ने अवस्था आयो'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले ग्यास खरिदका लागि समेत राष्ट्रिय परिचयपत्र वा नागरिकता अनिवार्य गरिएको भन्दै सरकारको आलोचना गरेका छन् ।

आज काठमाडौंका पाँच स्थानबाट ग्यास बिक्री भइरहे पनि ग्यास लिनका लागि समेत परिचयपत्र बोकेर लाइन बस्नुपर्ने अवस्था आएको बताएका छन् ।

उनले भनेका छन्, 'ग्यास किन्न पनि अब राष्ट्रिय परिचयपत्र वा नागरिकता अनिवार्य! आज काठमाडौंका पाँच स्थानबाट ग्यास बिक्री हुँदै छ, तर ग्यास लिन पनि परिचयपत्र बोकेर लाइन बस्नुपर्ने अवस्था आयो ।'

सरकारले पाँच महिनामै देशमा कायापलट गरिदिन्छ भन्ने अपेक्षा नरहेको बताएका छन्। उनले नागरिकले दैनिक जीवनमा भोग्नुपर्ने आधारभूत समस्या समाधान गर्न भने सरकार सक्षम हुनुपर्ने बताएका छन् ।

उनले थपेका छन्, 'सरकारले पाँचै महिनामा देशलाई कायापलट गरिदिन्छ भनेर हामीले अपेक्षा गरेका छैनौं । तर जनताले दैनिक जीवनमा भोग्नुपर्ने आधारभूत समस्या त समाधान गर्न सक्नुपर्‍यो नि सरकार ! '

## इन्डोनेसिया भूकम्प अपडेटः
# मृत्यु हुनेको संख्या ३८ पुग्यो, भग्नावशेषमा फसेकाहरूको खोजी जारी



एएफपी । इन्डोनेसियाको फ्लोरेस टापु नजिक शनिबार शक्तिशाली भूकम्प गएपछि उद्धारकर्मीहरूले भग्नावशेषमा बाँचेकाहरूको खोजी गरिरहेका छन् । प्राकृतिक प्रकोप व्यवस्थापन अधिकारीका अनुसार भूकम्पका कारण कम्तीमा ३८ जनाको मृत्यु भएको छ ।

इन्डोनेसियाको राष्ट्रिय प्रकोप न्यूनीकरण निकायका प्रमुख सुहार्यान्तोले भूकम्पमा परेका १३ जनालाई घाइते अवस्थामा उद्धार गरिएको तीमध्ये दुई जनाको स्वास्थ्य गम्भीर अवस्थामा रहेको बताउनुभएको छ ।

"धेरै भवनहरूका भग्नावशेषमा पीडितहरू फसेका छन्," सुहार्यान्तोले बताउनुभयो ।

"प्रकोप व्यवस्थापन टोलीको पहिलो प्रयास भग्नावशेषमा फसेका जीवित मानिसहरूको उद्धारका लागि प्रारम्भिक लक्ष्य हुनेछन्," उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो ।

उद्धार कार्यमा सहयोग गर्न दुई हेलिकोप्टर र एक विमान तयारी अवस्थामा राखिएका छन् ।

युरोपेली सङ्घकी प्रमुख उर्सुला भोन डेर लेयेनले समूहको 'कोपर्निकस अर्थ अब्जर्भेसन स्याटेलाइट'हरूबाट सहयोगको प्रस्ताव गर्नुभएको छ।

उहाँले एक्समा लेख्नुभयो, "युरोपले खोज तथा उद्धार प्रयासमा सहयोगका लागि हाम्रो आकाशको आँखा (कोपर्निकस) तैनाथ गर्न तयार छ । इन्डोनेसिया र यहाँका जनता यस विपतको घडीमा भूकम्प प्रभावित इन्डोशियासँग छन् ।"

इन्डोनेसियाको पूर्वी भागमा रहेको लोकप्रिय पर्यटकीय टापुमा शनिबार बिहान ७.७ म्याग्निच्युडको भूकम्प जाँदा दर्जनौं घर र अन्य भवनहरू क्षतिग्रस्त भएका थिए ।

सुहार्यान्तोले भूकम्पपछि करिब दुई हजार जनालाई स्थानान्तरण गरेको बताउनुभयो ।

"मैले यति ठूलो भूकम्प कहिल्यै अनुभव गरेको थिइनँ," केन्द्रविन्दुबाट १०० किलोमिटरभन्दा बढी पश्चिममा रहेको रुटेङ सहरमा बस्ने युलियन जुइता एकालियाले एएफपीसँग टेलिफोनमा भन्नुभयो ।

"बाहिर निस्कन दौडँदा घरभित्रका सबै कुरा तल झरेः टेलिभिजन, छोराका ट्रफीहरू, भाँडाका र्याकहरू, वार्डरोबमाथि राखिएका सुटकेसहरू। बाहिर पुग्दा मेरो छोरा र छिमेकीहरू त्यहाँ थिए, डरले चिच्याइरहेका।"

उद्धार अधिकारी फाथुर रहमानले एएफपीलाई भन्नुभयो, "ध्यान अहिले भग्नामवशेषमा फसेका पीडितहरू फेला पार्न केन्द्रित छ, तर पहिरोले सडक अवरुद्ध भएकाले उद्धार कार्य जटिल बनेको छ।"

केन्द्रविन्दु नजिकको नागेकेओ क्षेत्रका बासिन्दाहरू शनिबार बिहान समुद्रमा सुनामी आउने चेतावनीपछि सुरक्षित स्थानतर्फ गएका थिए तर अब त्यहाँ सुनामीको डर हटिसकेको छ।

सुनामी चेतावनी हटाइए पनि अधिकारीहरूले मानिसहरूलाई पराकम्पनले क्षतिग्रस्थ भवनहरू ढल्न सक्ने चेतावनी दिँदै तत्काल सुरक्षित स्थलमा रहन आग्रह गरेका छन् ।

इन्डोनेसिया प्यासिफिक 'रिङग अफ फायर' मा अवस्थित भएकाले बारम्बार भूकम्पको सामना गर्छ यो जापानदेखि दक्षिणपूर्वी एसिया हुँदै प्यासिफिक बेसिनसम्म फैलिएको तीव्र भूकम्पीय गतिविधि भएको क्षेत्र हो।

फ्लोरेसमा सन् १९९२ मा ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो, जसले सुनामी निम्त्याएको थियो र करिब दुई हजार ५०० जनाको मृत्यु भएको थियो ।

सन् २००४ मा सुमात्राको तटबाट गएको विनाशकारी ९.१ म्याग्निच्युडको भूकम्पले सुनामी निम्त्याएको थियो, जसले क्षेत्रभरि दुई लाख २० हजार जनाको मृत्यु गराएको थियो। तीमध्ये करिब एक लाख ७० हजार जना इन्डोनेसियामा थिए । यो अभिलेखित इतिहासका सबैभन्दा घातक प्राकृतिक प्रकोपहरूमध्ये एक हो ।

# अमेरिकासँग वार्ताका लागि इरानले निर्णय नगरेको विदेशमन्त्री अराघचीको भनाइ



एएफपी । इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले अमेरिकासँग वार्ता पुनः सुरु गर्ने विषयमा इरानले अहिलेसम्म कुनै निर्णय नगरेको बताउनुभएको छ ।

सरकारी समाचार संस्था आइआरआइबीका अनुसार शनिबार एक अन्तर्वार्तामा अराघचीलेकताररपाकिस्तानजस्ता मध्यस्थकर्तामार्फत इरान र अमेरिकाबीच सन्देश आदानप्रदान भइरहेको जानकारी दिनुभयो । तर, यस्तो सन्देश आदानप्रदानलाई वार्ता पुनः सुरु भएको अर्थमा लिन नहुने उहाँले स्पष्ट पार्नुभयो ।

गत जुनमा दुई देशबीच युद्ध अन्त्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको स्मरण गर्दै अराघचीले अमेरिकाले उक्त समझदारी उल्लङ्घन गरेपछि पुनः द्वन्द्व सुरु भएको आरोप लगाउनुभयो ।

यसैबीच, 'स्ट्रेट अफ होर्मुज'हुँदै पानीजहाजको सुरक्षित आवतजावतका लागि इरान र ओमानबीच नयाँ मार्ग निर्धारण गर्न वार्ता भइरहेको उहाँले बताउनुभयो । "हामी अहिले एउटा अस्थायी मार्गको खाका तयार गर्दैछौं, जुन आगामी चरणमा स्थायी मार्गमा परिणत हुनेछ", उहाँले भन्नुभयो ।

होर्मुज पुनः सञ्चालनमा आउने विषय अन्य सर्तहरूको पालनामा निर्भर रहेको बताउँदै उहाँले त्यसका लागि अमेरिका ती सर्तप्रति प्रतिबद्ध हुनुपर्ने उल्लेख गर्नुभयो । "हामी चाँडै नै कुनै निष्कर्षमा पुग्न सक्छौं", अराघचीले भन्नुभयो ।

गत जुन १८ मा इरान र अमेरिकाले लेबनानसहित यस क्षेत्रका सबै मोर्चामा युद्ध अन्त्य गर्ने समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

समझदारीअनुसार अन्तिम सम्झौताका लागि दुई देशबीच ६० दिनभित्र वार्ता हुनुपर्ने थियो । उक्त समयसीमा आगामी सोमबार सकिँदैछ । तर, गत महिना दुई देशबीच तनाव बढेपछि वार्ताको भविष्य अनिश्चित बनेको छ ।

## अफगानिस्तानः
# तालिबान सत्ता पुनरागमनका पाँच बर्ष

एएफपी । अफगानिस्तानको तालिबान समूहले देशमा अमेरिकी नेतृत्वको गठबन्धन सेनाको कहिर्गमनपछि सत्तामा फर्किएको पाँचौं वार्षिकोत्सव कडा सुरक्षा व्यवस्थाबीच मनाएको छ ।

अफगानिस्तानी तालिवान समूहले यो दिनलाई 'विजय दिवस' का रूपमा मनाएको छ । सत्तामा पुनरागमनको पाँच बर्षमा भएका प्रदर्शनमा नागरिक, कर्मचारी तथा सुरक्षाकर्मीहरूका समूहले सेता झण्डा हातमा लिएर काबुलका सडकहरूमा प्रदर्शन गरेका छन् ।

यो दिनको महत्व उजागर गर्न अधिकारीहरूको ठूलो भेला आयोजना गरिएको छ भने सरकारले काबुल शहरका केही भागमा हेलिकोप्टरमार्फत पुष्पवृष्टि गरेको थियो भने देशभर विविध कार्यक्रम गरिएको थियो ।

अफगान तालिबानले अमेरिकी नेतृत्वको गठबन्धन सेनाविरुद्ध वर्षौंको युद्धपछि सन् २०२१ १५ अगस्टमा सत्ता हातमा लिएको थियो। अन्तिम अमेरिकी सैनिक सन् २०२१ अगस्टको अन्त्यमा देश छाडेर गएका थिए।

यो दिन अफगानिस्तानमा सार्वजनिक बिदा दिने गरिएको छ । यसैबीच, विजय दिवसको उपलक्ष्यमा काबुल र अन्य शहर हरूमा खेल प्रतियोगितालगायत विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिएका छन्।



## लेबनानमा इजरायली आक्रमण, सात जनाको मृत्यु

एएफपी । दक्षिणी लेबनानमा शनिबार भएको इजरायली आक्रमणमा सात जनाको मृत्यु भएको लेबनानी मिडियाले जनाएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले शनिबार अन्सार गाउँको बाहिरी भागमा इजरायली लडाकु विमानले आवासीय घरमा गरेको आक्रमणमा सात जनाको मृत्यु हुनुका सथै अन्य तीन जना घाइते भएको रिपोर्ट गर्दै इजरायलले दक्षिणमा आफ्नो आक्रमण बढाएको बताएको छ ।

आक्रमणले एउटा घर ध्वस्त पारेको र आपतकालीन उद्धारकर्ताहरूले भग्नावशेषबाट निकालेर घाइतेहरूलाई अस्पताल लगिरहेको एजेन्सीले रिपोर्ट गरेको छ ।

यस अघि हेजबुल्लाहले लेबनानलाई आफ्नो समर्थक इरानको समर्थनमा इजरायलमा रकेट प्रहार गरेर मार्चमा मध्य पूर्व युद्धमा तानेको थियो ।

जसको इजरायलले भारी हवाई तथा मिसाएल आक्रमणको साथ प्रतिक्रिया दिँदा चार हजार ३०० भन्दा बढी मानिसहको मृत्यु भएको लेबनानी अधिकारीहरूले बताएका छन् ।

मध्यपूर्व युद्धमा गत जुनमा अमेरिका-इरान समझदारी पत्रमा हस्ताक्षर भएसँगै लेबनान र इजरायलबीच अमेरिकी मध्यस्थतामा सम्झौता सफल भएपछि द्वन्द्व उल्लेखनीय रूपमा घटेको जनाइएको छ ।

# भारतमा युवालाई लक्षित गर्दै मोदीद्वारा निःशुल्क कोचिङ र एआई तालिमको घोषणा



एएफपी । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्ने युवाका लागि निःशुल्क अनलाइन कोचिङ कक्षा सञ्चालन गर्ने घोषणा गर्नुभएको छ ।

युवाको नेतृत्वमा भएको व्यापक विरोध प्रदर्शनपछि शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएको केही सातापछि मोदीले यस्तो घोषणा गर्नुभएको हो ।

भारतको स्वतन्त्रता दिवसका अवसरमा शनिबार नयाँदिल्लीस्थित लालकिल्लाबाट सम्बोधन गर्दै मोदीले निःशुल्क कोचिङले विद्यार्थी र उनीहरूका परिवारमाथिको आर्थिक बोझ कम गर्ने बताउनुभयो ।

"हामीले युवाका लागि विभिन्न प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्न निःशुल्क अनलाइन कोचिङ उपलब्ध गराउने निर्णय गरेका छौं", उहाँले भन्नुभयो ।

मोदीका अनुसार डिजिटल सार्वजनिक पूर्वाधार र दक्ष शिक्षक तथा शिक्षाविद्को उपयोग गरी यस्तो कक्षा सञ्चालन गरिनेछ ।

भारतमा चिकित्सा प्रवेश परीक्षासहित विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा प्रश्नपत्र चुहावट तथा भर्नासम्बन्धी अनियमितताको विरोधमा पछिल्लो समय विद्यार्थीले प्रदर्शन गर्दै आएका थिए । ती प्रदर्शन गत महिना शिक्षामन्त्री प्रधानको राजीनामापछि टुङ्गिएका थिए ।

प्रदर्शनले रोजगारी तथा शैक्षिक अवसरमा पहुँचलाई लिएर भारतीय युवामा रहेको असन्तुष्टि र प्रतिस्पर्धात्मक शिक्षा प्रणालीको चर्को दबाबलाई उजागर गरेको थियो ।

भारतमा सरकारी कलेजमा प्रवेशलाई आर्थिक सुरक्षाको महत्वपूर्ण माध्यम मानिने भएकाले विद्यार्थीहरू वर्षौंसम्म प्रवेश परीक्षाको तयारी गर्ने गरेका छन् । यसका कारण निजी कोचिङ उद्योग पनि तीव्र रूपमा विस्तार भएको छ । कोचिङको खर्चले विद्यार्थीका परिवारमाथि ठूलो आर्थिक भार पर्ने गरेको छ ।

मोदीले निःशुल्क अनलाइन कक्षाले विशेषगरी गरिब र मध्यमवर्गीय परिवारलाई राहत पुग्ने बताउनुभयो । विद्यार्थीलाई परिवारबाट टाढा गएर महँगो कोचिङ लिनुपर्ने बाध्यता पनि कम हुने उहाँको भनाइ थियो ।

**एक करोड युवालाई एआई तालिम**

मोदीले आगामी एक वर्षभित्र एक करोड युवालाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी सीपको तालिम दिने योजना घोषणा गर्नुभएको छ ।

"हामीले आगामी एक वर्षभित्र एक करोड युवालाई एआई सीपको तालिम दिने निर्णय गरेका छौं", उहाँले भन्नुभयो ।

विद्यार्थी आन्दोलनपछि सरकारले युवालाई लक्षित गर्दै विभिन्न कदम अघि बढाएको छ । संसदले पनि परीक्षाको प्रश्नपत्र चुहावट गर्नेलाई हुने सजाय बढाएको छ ।

आलोचकहरूले सन् २०१४ मा मोदी सरकार सत्तामा आएयता पछिल्ला विद्यार्थी प्रदर्शनलाई सरकारसामु देखिएको महत्वपूर्ण चुनौतीमध्ये एकका रूपमा व्याख्या गरेका छन् ।

# श्रीलंकाविरुद्ध भारतको बलियो सुरुवात



**टुडे समाचारदाता**

काठमाण्डु । श्रीलंकाविरुद्धको टेस्टमा भारतले पहिलो दिन बलियो प्रदर्शन गरेको छ । वर्षाका कारण दुईपटक खेल रोकिए पनि भारतले ७३ ओभरमा २ सय ८७ रन बनाउँदै दिनको खेलमा आफ्नो पकड बलियो बनाएको छ ।

टोलीमा पुनरागमन गरेका देवदत्त पडिक्कलले शानदार शतक प्रहार गर्दै १ सय ४७ बलमा अविजित १ सय ७ रन बनाए । उनको शतकसँगै भारतले नम्बर ३ का ब्याटरबाट शतकको २० टेस्टदेखिको प्रतीक्षा पनि अन्त्य गरेको छ । शतक पूरा गर्दा पडिक्कललाई शुभमन गिलले साथ दिएका थिए । गिल नै भारतका लागि नम्बर ३ बाट शतक बनाउने पछिल्ला ब्याटर थिए ।

भारतका पाँच ब्याटर क्रिजमा आए पनि बलरबाट आउट हुने एकमात्र खेलाडी गिल रहे । उनी १६ रनमा आउट भए। यशस्वी जैसवाल ३२ रनमा रनआउट भए भने राम्रो लयमा रहेका केएल राहुल ७७ रनमा अग्रभागको मांसपेशीमा समस्या आएपछि रिटायर्ड हर्ट भए ।

पहिलो दिन भारतको ब्याटिङ प्रभावशाली रहे पनि श्रीलंकाका लागि पिचको अवस्था भने चिन्ताजनक देखिएको छ । ब्याटिङका लागि सहज हुने अपेक्षा गरिएको पिचमा दोस्रो सत्रदेखि नै स्पिनरहरूले राम्रो टर्न हासिल गरेका थिए। दिनको अन्त्यतिर बलले अझ बढी टर्न लिन थालेको थियो ।

भारतले श्रीलंकाविरुद्ध घरेलु मैदानमा खेलेका पछिल्ला पाँचवटै टेस्ट जितेको अवस्थामा श्रीलंकाका लागि चुनौती अझ कठिन देखिएको छ । भारतले यही गतिमा रन बनाइरहेमा श्रीलंकाका २० विकेट लिन पर्याप्त समय पाउनेछ ।

यसर्थ, पहिलो दिनको प्रदर्शनले भारतलाई बलियो स्थितिमा पुऱ्याएको छ भने श्रीलंकामाथि दबाब थपिएको छ ।

# 'मेस्सीलाई शान्ति र निजी समय आवश्यक छ'- होयोस



**टुडे समाचारदाता**

काठमाण्डु । इन्टर मियामीका प्रशिक्षक गुइलेर्मो होयोसले कप्तान लियोनल मेस्सीलाई पिता जर्ज मेस्सीको निधनपछि भावनात्मक रूपमा सम्हालिन पर्याप्त समय र निजी वातावरण आवश्यक रहेको बताएका छन् ।

जर्ज मेस्सीको अगस्ट ८ मा अर्जेन्टिनाको रोसारियोस्थित अस्पतालमा ६८ वर्षको उमेरमा निधन भएको थियो। बुबाको निधनपछि केही समय परिवारसँग बिताएका मेस्सी गत बुधबार इन्टर मियामीको टोलीमा फर्किएका थिए ।

क्लब लियोनविरुद्धको लिग्स कप खेलमा मेस्सी सुरुवाती टोलीमा परेका थिएनन् । दोस्रो हाफमा मैदान प्रवेश गरेका उनलाई समर्थकहरूले उभिएर ताली बजाउँदै स्वागत गरेका थिए ।

मेस्सीको अवस्थाबारे बोल्दै होयोसले यस्तो संवेदनशील समयमा धेरै प्रश्न र सार्वजनिक टिप्पणीभन्दा शान्त वातावरण उपयुक्त हुने बताए । 'सबै कुरा विस्तारै अघि बढ्नुपर्छ। यस्तो पीडा एकै रातमा समाप्त हुँदैन,' होयोसले भने, 'त्यसैले अहिले मौनता, शान्ति र सुकून महत्त्वपूर्ण छन् । उनलाई आफ्नै समयअनुसार अगाडि बढ्ने अवसर दिनुपर्छ ।'

उनले मेस्सीको व्यक्तित्वको प्रशंसा गर्दै खेलाडीका रूपमा उनको क्षमताभन्दा पनि असल मानिसका रूपमा उनको मूल्य ठूलो रहेको बताए ।

'उनी विशाल हृदय भएका अद्‌भुत व्यक्ति हुन् । कहिलेकाहीँ उनको बारेमा भन्न शब्दहरू नै पर्याप्त हुँदैनन्,' होयोसले भने ।

शुक्रबार मेस्सीले इन्टर मियामीका अन्य खेलाडीसँगै प्रशिक्षण गरेका थिए । मियामीले शनिबार नासभिल एससीसँग एमएलएस खेल खेल्दैछ ।

आगामी खेलमा मेस्सीलाई कति समय मैदानमा उतार्ने भन्ने विषयमा पनि होयोसले उनको व्यक्तिगत परिस्थितिको सम्मान गरिने स्पष्ट पारे ।

'केही कुरा पूर्ण रूपमा निजी हुन्छन्। प्रत्येक व्यक्तिको आफ्नै निजी जीवन हुन्छ । अहिले मेस्सी केही चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेका छन्, जुन स्वाभाविक हो । हामी उनको व्यक्तिगत सीमाको पूर्ण सम्मान गर्छौं,' उनले भने ।

# मेचीनगरद्वारा झापा–१ काठमाण्डु कप फुटसलको उपाधि रक्षा



**टुडे समाचारदाता**

काठमाण्डु । दोस्रो झापा-१ काठमाडौं कप फुटसलको उपाधि साविक विजेता मेचीनगरले जितेको छ । लगातार दोस्रो पटक उपाधि जित्ने क्रममा मेचीनगरले शान्तिनगरलाई ३-० गोलअन्तरले पराजित गऱ्यो ।

फाइनलमा मेचीनगरका पात्थुङ्ग नेम्बाङ, राजदीप अधिकारी र प्रतीक सुवेदीले एक-एक गोल गरे । उपाधि विजेता मेचीनगरले नगद २१ हजार रुपैयाँ तथा उपविजेता शान्तिनगरले ११ हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गरे ।

सेमिफाइनलमा मेचीनगरले बाहुनडाँगीलाई २-० गोलअन्तरले पराजित गरेको थियो । शान्तिनगरले भने ज्यामिरगढीलाई सडन डेथमा १०-९ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

प्रतियोगितामा मेचीनगरका राजदीप अधिकारी उत्कृष्ट खेलाडी घोषित भए । मेचीनगरकै सोनिश श्रेष्ठ उत्कृष्ट गोलकिपर, शान्तिनगरका विमल तोलाङ्गी उत्कृष्ट स्ट्राइकर, मेचीनगरका सागर थापा उत्कृष्ट डिफेन्डर तथा ज्यामिरगढीका अनमोल राउत सर्वाधिक गोलकर्ता बने ।

प्रतियोगिताअन्तर्गत कलाकार र राजनीतिकर्मीबीच भएको मैत्रीपूर्ण खेलमा कलाकारको टोली ८-१ गोलअन्तरले विजयी भयो। कलाकार टोलीका लागि मिलन खड्काले तीन तथा योगेन्द्र उपाध्याय र प्रशान्त शिवाकोटीले समान दुई गोल गरे ।

प्रतियोगितामा झापाका सात स्थानीय टोली–मेचीनगर, दुवागढी, शान्तिनगर, चन्द्रगढी, ज्यामिरगढी, धाइजन र बाहुनडाँगी–को सहभागिता रहेको थियो ।

प्रतियोगिताको उद्घाटन यसअघि नेपाली कांग्रेसका सभापति गगन थापाले गरेका थिए । विजेता खेलाडी तथा टोलीलाई कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पुरस्कार वितरण गरे ।

# नेपाल टेलिकमको खुद मुनाफा ४७.५८ प्रतिशतले बढ्यो



काठमाण्डु । नेपाल टेलिकमले गत आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म रु आठ अर्ब ८६ करोड ४६ लाख खुद मुनाफा कमाएको छ । कम्पनीले आज सार्वजनिक गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा खुद मुनाफा ४७ दशमलव ५८ प्रतिशतले बढेको हो ।

आव २०८१/८२ को चौथो त्रैमासिकसम्म कम्पनीको खुद मुनाफा रु छ अर्ब ६७ लाख थियो । एक वर्षको अवधिमा कम्पनीको खुद मुनाफामा रु दुई अर्ब ८५ करोड ७९ लाखले वृद्धि भएको हो । कम्पनीका अनुसार समीक्षा अवधिमा करअघिको मुनाफा पनि उल्लेख्य बढेको छ।

गत आवको चौथो त्रैमासिकसम्म करअघिको मुनाफा रु १३ अर्ब २६ करोड ४७ लाख पुगेकामा अघिल्लो आवको सोही अवधिमा यस्तो मुनाफा रु नौ अर्ब ८५ करोड दुई लाख थियो । यस आधारमा करअघिको मुनाफा ३४ दशमलव ६६ प्रतिशतले बढेको हो ।

त्यस्तै, कम्पनीको ब्याज, कर, ह्रासकट्टी तथा अमोर्टाइजेसनअघिको आम्दानी रु २० अर्ब ४८ करोड एक लाख पुगेको छ भने अघिल्लो आवको सोही अवधिमा रु १८ अर्ब ४९ करोड ६० लाख आम्दानी भएको थियो । तुलनात्मक रूपमा यो १० दशमलव ७३ प्रतिशतले बढेको कम्पनीले जनाएको छ ।

नेपाल टेलिकमको कुल सञ्चालन आय समीक्षा अवधिमा रु ३४ अर्ब ९५ करोड चार लाख पुगेको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्म यस्तो आय रु ३३ अर्ब ८९ करोड ४५ लाख थियो । अघिल्लो वर्षको तुलनामा गत आवमा सञ्चालन आय रु एक अर्ब पाँच करोड ५९ लाख अर्थात् तीन दशमलव १२ प्रतिशतले बढेको हो ।

कम्पनीको कुल आयसमेत बढेको छ । समीक्षा अवधिमा कुल आय रु ३९ अर्ब १९ करोड ९६ लाख पुगेको छ । अघिल्लो आवको सोही अवधिमा कुल आय रु ३८ अर्ब १८ करोड ८१ लाख थियो । यसअनुसार कुल आय रु एक अर्ब एक करोड १५ लाख अर्थात् दुई दशमलव ६५ प्रतिशतले वृद्धि भएको हो । कम्पनीको प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको) रु ४९ दशमलव २५ रहेको छ ।

**ब्याज आम्दानी घटे पनि मुनाफामा वृद्धि**

कम्पनीका अनुसार समीक्षा अवधिमा ब्याजदर क्रमिक रूपमा घट्दा ब्याज आम्दानीमा भने कमी आएको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्मको तुलनामा गत आवको सोही अवधिमा ब्याज आम्दानी करिब रु ८६ करोड १९ लाख अर्थात् २२ दशमलव ८८ प्रतिशतले घटेको छ ।

मुख्य दूरसञ्चार सेवाबाट हुने आम्दानीमा भएको वृद्धिका कारण समग्र सञ्चालन आय तथा मुनाफामा सकारात्मक प्रभाव परेको कम्पनीले जनाएको छ । विशेषगरी जिएसएम सेवातर्फको राजस्व बढेको छ । कम्पनीका अनुसार अघिल्लो आवको चौथो त्रैमासिकसम्मको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा जिएसएम सेवातर्फको राजस्व रु ६४ करोड ५४ लाख अर्थात् दुई दशमलव २८ प्रतिशतले बढेको छ ।

नेपाल टेलिकमले देशको सञ्चार सेवा प्रदायकको भूमिक निर्वाह गर्दै भौगोलिक तथा व्यावसायिक रूपमा चुनौतीपूर्ण क्षेत्रमा सेवा विस्तार र गुणस्तर सुधारलाई निरन्तरता दिँदै आएको जनाइएको छ । कम्पनीका अनुसार कम प्रतिफल प्राप्त हुने तथा बढी लागत लाग्ने विकट र दुर्गम क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्नुपर्ने भएकाले सेवा सञ्चालनमा अतिरिक्त लागत व्यहोर्नुपरेको छ ।

**दुर्गम क्षेत्रमा सेवा विस्तारलाई निरन्तरता**

नेपाल टेलिकमले व्यावसायिक प्रतिफलका दृष्टिले कम आकर्षक भए पनि राष्ट्रिय सञ्चार पूर्वाधारको जिम्मेवारीलाई ध्यानमा राख्दै दुर्गम तथा विकट क्षेत्रमा सेवा विस्तार गरिरहेको जनाएको छ । कम्पनीले त्यस्ता क्षेत्रमा नेटवर्क विस्तार, सेवा गुणस्तर सुधार तथा पहुँच अभिवृद्धिको कामलाई निरन्तरता दिएको छ ।

कम्पनीको वित्तीय विवरणले सञ्चालन आयमा सामान्य वृद्धि भए पनि मुनाफामा तुलनात्मक रूपमा सुधार देखिएको छ । ब्याज आम्दानी घटेको अवस्थामा पनि जिएसएम सेवाको राजस्व वृद्धि, सञ्चालन खर्च तथा वित्तीय व्यवस्थापनमा भएको सुधारलगायतका कारण समग्र मुनाफा बढाउन योगदान पुगेको देखिन्छ ।

यससँगै कम्पनीले आगामी दिनमा सेवा गुणस्तर सुधार, नयाँ प्रविधिको विस्तार र दुर्गम क्षेत्रमा दूरसञ्चार पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै जाने जनाएको छ ।

दूरसञ्चार क्षेत्रमा बढ्दो प्रतिस्पर्धाबीच विद्यमान ग्राहक आधारलाई कायम राख्दै डेटा तथा डिजिटल सेवाको प्रयोग बढाउनु कम्पनीका लागि आगामी दिनको प्रमुख चुनौती र अवसरका रूपमा रहनेछ । रासस

# ‘बिक्रेताले नाम टिप्न पनि मान्दैनथे, ग्यास पाउँदा खुसी छौँ’



काठमाण्डु । काठमाडौँ महानगरपालिका वडा नम्बर ३२ जडीबुटी बस्ने तारा तामाङले एलपिजी ग्यासको अभाव झेल्दै आइरहनुभएको थियो । उहाँले आफ्नो घरनजिकैको ग्यास बिक्रेताकहाँ पटकपटक नाम टिपाउन जाँदा पनि सिलिण्डर लिन सफल हुनुभएन ।

तर, आज नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालय काठमाडौँको समन्वयमा विभिन्न कम्पनीले बबरमहलस्थित पुरानो जिप्रका परिसरमा ग्यास वितरण गरेको थाहा पाएपछि यहाँ पुग्नुभएकी उहाँले ग्यास पाउँदा राहतको महसुस गरेको बताउनुभयो । “ग्यासका लागि धैरै भौतारिँदै हिँडियो। जडीबुटी आसपासका ग्यास बिक्रेताले नाम टिप्नसमेत मान्दैनथे,” उहाँले भन्नुभयो, “कम्तीमा यहाँ एक थान भरि सिलिन्डर पाउँदा पनि ठूलो राहतको महसुस भइरहेको छ ।”

उहाँ मात्रै होइन, आज बबरमहलमा केही समय लाइन बसेपछि ग्यास प्राप्त गरेका अनामनगरका रोजन मल्ल पनि खुसी देखिनुहुन्थ्यो । “सरकारले एकै ठाउँमा विभिन्न कम्पनीका ग्यास बिक्रीको व्यवस्था मिलाएपछि मजस्ता विद्यार्थीलाई धैरै सहज भएको छ,” उहाँले भन्नुभयो, “अरू दिन कलेजमा अध्ययन गर्न जानुपर्ने हुन्थ्यो। आज बिदाका दिन ग्यास वितरण हुँदा धैरै सहज भएको छ ।”

काठमाडौँ रातोपुलबाट बबरमहल ग्यास लिन आउनुभएकी विनिता त्रिपाठीले एक सातादेखि अभाव झेले पनि अहिले भरि सिलिन्डर प्राप्त गरेपछि केही समयका लागि राहत महसुस भएको प्रतिक्रिया दिनुभयो । “ग्यासका लागि धैरै ठाउँमा भौतारिनुपरेको थियो । एकै ठाउँमा धैरै कम्पनीका सिलिन्डर पाउँदा खुसी भएका छौँ,” उहाँले भन्नुभयो, “सरकारले अब आ-आफ्नै नजिकको बिक्रेताबाट ग्यास उपलब्ध गराउने वातावरण मिलाइदिए झनै सहज हुने थियो ।”

पुरानो जिल्ला प्रशासन कार्यालयको परिसर बबरमहलबाट आज नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीराम, सगर, हिमाल, एसटीसी, लोकप्रिय र सूर्य ग्यास वितरण भइरहेका छन्। नेपाल आयल निगमका उपप्रबन्धक रविलाल घिमिरेले बबरमहलस्थित पुरानो जिप्रका परिसरमा ग्यास लिनका लागि सर्वसाधारणको घुइँचो लागेको बताउनुभयो ।

“हामीले आज बिहान १०:०० बजेपछि नियमित रूपले विभिन्न कम्पनीका ग्यास वितरण गरिरहेका छौँ,” निगमका उपप्रबन्धक घिमिरेले भन्नुभयो, “भरि सिलिन्डर लिन आउने सर्वसाधारणको घुइँचो लागेको छ। सुरक्षाकर्मीसँग समन्वय गरेर ग्यास वितरणलाई सहजीकरण गर्दै आइरहेका छौँ ।”

नेपाल आयल निगमका प्रबन्ध निर्देशक नागेन्द्र साहले आज काठमाडौँ उपत्यकाका पाँच स्थानबाट ग्यास वितरण भइरहेको जानकारी दिनुभयो । “हामीले पाँच ठाउँबाट सर्वसाधारणलाई सहज ढङ्गबाट ग्यास उपलब्ध गराउने प्रयास गरिरहेका छौँ,” उहाँले भन्नुभयो, “तोकिएको स्थानमा आउने सर्वसाधारणलाई सकभर रित्तो हात नफर्काउने गरी भरि सिलिन्डर उपलब्ध गराउन ग्यास उद्योगीहरूसँग समन्वय भइरहेको छ ।”

नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालयले आज टेकुको निगम परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीराम, सगर, सिद्धार्थ, हिमाल कम्पनीका ग्यास बिक्री-वितरण गरिरहेको छ। त्यसैगरी यातायात कार्यालय परिसर चाबहिलबाट नेपाल र एचपी; कीर्तिपुर राधास्वामी परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीमाया, श्रीकृष्ण, साइबाबा र ओम तथा बसुन्धरा राधास्वामी परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, भानु र ओम कम्पनीका ग्यास वितरण भइरहेको निगमले जनाएको छ । रासस

# ग्यास वितरणको अनुगमन गर्न ‘द्रुत प्रतिकार्य टोली’ गठन




दमौली । जिल्लामा ग्यास वितरण प्रणालीको प्रभावकारी अनुगमन तथा निरीक्षणका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीको संयोजकत्वमा द्रुत प्रतिकार्य टोली गठन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयद्वारा गठित टोलीमा रेग्मीसहित नेपाल प्रहरीका अधिकृत प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ तनहुँका प्रतिनिधि, सम्बन्धित स्थानीय तहका अधिकृत प्रतिनिधि सदस्य रहनेछन् भने एकीकृत सेवा कार्यालय तनहुँका अधिकृत प्रतिनिधि सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

टोलीले ग्यास वितरणसम्बन्धी व्यवस्थाको नियमित छड्के अनुगमन तथा गुनासोका आधारमा लक्षित क्षेत्रमा निरीक्षण गर्ने प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताउनुभयो। अनुगमनका क्रममा गम्भीर लापरबाही वा कानुन उल्लङ्घन गरेको भेटिएमा प्रचलित कानुनअनुसार ग्यास भण्डारणस्थल सिल गर्ने, बढी मौज्दात फिर्ता गर्न लगाउने, दर्ता पुस्तिका तथा अभिलेख जाँच गर्ने र जरिवानासमेत गरिने उहाँले जानकारी दिनुभयो ।

ग्यासको वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन जिल्ला प्रशासन कार्यालयले नयाँ व्यवस्थासमेत लागू गरेको छ । प्रशासनले एक परिवारलाई एकपटकमा एक सिलिण्डर मात्रै ग्यास वितरण गर्नुपर्ने व्यवस्था लागू गर्दै डिलरदेखि खुद्रा विक्रेतासम्मको कारोबारमा कडाइ गरेको हो ।

ग्यासको वितरणमा हुने अनियमितता, कृत्रिम अभाव तथा बढी मौज्दात नियन्त्रण गर्न यस्तो व्यवस्था गरिएको प्रजिअ तिवारीले बताउनुभयो । “नयाँ व्यवस्थाअनुसार ग्यास डिलरले अब आफैँ सिलिण्डर बिक्री गर्न पाउने छैनन् । डिलरले उपडिलर तथा थोक विक्रेतामार्फत ग्यास वितरण गर्नुपर्नेछ । कुन उपडिलर वा थोक विक्रेतालाई कति परिमाणमा ग्यास पठाइएको हो भन्ने विवरण कम्पनीको नाम, ठेगाना र परिमाणसहित डिलरको परिसरमा सार्वजनिक गर्नुपर्नेछ । उक्त विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्ने छ”, उहाँले भन्नुभयो ।

त्यस्तै, डिलरले उद्योगबाट प्राप्त ग्यासको दैनिक मौज्दात विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्नेछ । उपडिलर तथा थोक विक्रेताले आफूले प्राप्त गरेको ग्यास यसअघि पठाउँदै आएका खुद्रा पसलमा पठाउनुपर्ने र कुन खुद्रा विक्रेतालाई कति सिलिण्डर पठाइएको हो भन्ने विवरण ठेगानासहित आफ्नो परिसरमा सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्ने तिवारीले बताउनुभयो ।

उहाँका अनुसार प्रशासनले उपभोक्ताका लागि समेत स्पष्ट व्यवस्था गरेको छ । खुद्रा विक्रेताले ग्यास वितरण गर्दा एक परिवारलाई एक सिलिण्डर मात्रै उपलब्ध गराउनुपर्नेछ। ग्यास लिन आउने ग्राहकको पहिचान गरी निजले यसअघि ग्यास कहिले लगेको भन्ने विवरणसमेत हेर्नुपर्ने व्यवस्था गरिएको छ। खुद्रा विक्रेताले ग्राहकको नाम, ठेगाना र सम्पर्क नम्बर दर्ता पुस्तिकामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ।

सहरमा कोठा भाडामा लिएर बस्ने विद्यार्थी तथा अन्य परिवारले पनि आफ्नो परिवारका लागि एक सिलिण्डर मात्रै लिनुपर्नेछ भने एउटा सिलिण्डर लिएपछि अर्को सिलिण्डरका लागि पालो पर्खनुपर्ने र एकभन्दा बढी सिलिण्डर मौज्दात राख्न नपाइने प्रशासनले जनाएको छ।

उपभोक्ताको मागका आधारमा खुद्रा तथा थोक विक्रेताले माग सङ्कलन गर्नुपर्नेछ भने सङ्कलित मागका आधारमा डिलरमार्फत आवश्यक परिमाण निर्धारण गरी ग्यास आपूर्ति गर्ने उद्योग र जिल्ला प्रशासन कार्यालयमा विवरण पठाउनुपर्ने व्यवस्था गरिएको छ। रासस

# जलविद्युत् आयोजनाको सहयोगमा फेदीखोलामा ट्रस पुल निर्माण




दमौली । तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा भिमाद नगरपालिका-५ स्थित फेदीखोलामा ट्रस पुल निर्माण प्रक्रिया अघि बढेको छ । आयोजनाको डुबान क्षेत्रमा पर्ने फेदीखोलामा सर्वसाधारणको सहज आवागमनका लागि पुल निर्माण सुरु गरिएको हो ।

पुल निर्माणका लागि चितवनस्थित जलप नेपाल प्रालिसँग गत मङ्सिर २४ गते ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माण २४ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार करिब रु आठ करोड १० लाखको लागतमा ५५ मिटर लामो ट्रस पुल निर्माण भइरहेको छ ।

आयोजनाको डुबान क्षेत्रमा पर्ने उक्त स्थानमा पुलको अभावमा वर्षायाममा खोला वारपार गर्न स्थानीयवासी तथा सर्वसाधारणलाई कठिनाइ हुँदै आएको थियो । पुल निर्माण सम्पन्न भएपछि फेदीखोलामा सहज र सुरक्षित रूपमा आवतजावत गर्न सकिनेछ । यसबाट दैनिक आवतजावत गर्ने स्थानीयवासीसँगै विद्यार्थी, कृषक तथा व्यवसायीलाई समेत प्रत्यक्ष लाभ पुग्ने आयोजना प्रमुख भण्डारीले बताउनुभयो ।

निर्माणाधीन पुलले भिमाद बजारसहित ऋषिङपाटन, जलबिरे, वाङटाङीटार, लदन, आमडाँडा, टुटुवालगायत बस्तीलाई सडक सञ्जालमार्फत जोड्नेछ । पुल बनेपछि यी क्षेत्रका नागरिकलाई आवतजावतका लागि सहज वैकल्पिक मार्गसमेत उपलब्ध हुनेछ। यस्तै ऋषिङ गाउँपालिका-७ र ८ का पुरानो ऋषिङ, पल्ट्याङलगायत बस्तीका स्थानीयवासीलाई प्रत्यक्ष सुविधा पुग्नेछ ।

हाल खोलाका कारण आवतजावतमा हुने कठिनाइ हट्ने र भिमाद तथा ऋषिङ क्षेत्रबीचको यातायात सम्पर्क थप सहज हुने अपेक्षा गरिएको छ । आयोजना प्रमुख भण्डारीका अनुसार पुल निर्माणसँगै भिमाद नगरपालिका र ऋषिङ गाउँपालिकाबीच सडक पहुँच तथा यातायात सम्पर्कमा उल्लेखनीय सुधार हुनेछ । यसले स्थानीय बस्तीबीचको आवागमन सहज बनाउनुका साथै कृषि उपज तथा अन्य स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउनसमेत सहयोग पुग्नेछ ।

तनहुँ जलविद्युत् आयोजना निर्माणका क्रममा आयोजनाको डुबान क्षेत्रमा पर्ने विभिन्न स्थानमा पूर्वाधार विकास तथा स्थानीय आवश्यकताअनुसारका संरचना निर्माणलाई प्राथमिकता दिइएको आयोजना कार्यालयले जनाएको छ। फेदीखोलामा निर्माण भइरहेको पुल पनि सोही क्रममा स्थानीय बासिन्दाको आवागमनलाई सहज बनाउने उद्देश्यले अघि बढाइएको हो।

पुल नहुँदा खोलाको अवस्था, मौसम तथा पानीको बहावअनुसार आवतजावत प्रभावित हुने गरेको थियो। विशेषगरी वर्षायाममा स्थानीयवासीले जोखिम मोलेर खोला पार गर्नुपर्ने अवस्था रहेकोमा पुल निर्माणपछि उक्त समस्या दीर्घकालीन रूपमा समाधान हुने अपेक्षा गरिएको छ। पुलले भिमाद र ऋषिङ क्षेत्रका बस्तीलाई नजिक ल्याउनुका साथै स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय तथा कृषि क्षेत्रमा पहुँच विस्तार गर्नसमेत सहयोग पुग्ने भण्डारीले बताउनुभयो। रासस

# अनलाइनमार्फत स्वास्थ्य बिमामा आबद्ध हुन सकिने

काठमाण्डु । स्वास्थ्य बिमा बोर्डले अनलाइनबाट बिमामा आबद्ध हुनसक्ने प्रक्रिया सुरु गरेको छ। बिमा कार्यक्रममा नयाँ आबद्धता, बिमालेख नवीकरण, सेवाग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने (केवाइसी अपडेट) लगायत सबै काम अनलाइनामार्फत गर्न सकिने छ।

बोर्डका प्रवक्ता डा पवनकुमार शाहले यसअघि बिमा कार्यक्रममा अनलाइनमार्फत बिमा आबद्धता र नवीकरण गर्न सुरु गरिएको प्रवक्ता शाहले बताउनुभयो। उहाँका अनुसार यसका लागि ‘इसेवा’, ‘खल्ती’ र ‘ कनेक्ट आइपिएस’ मार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

उक्त प्रणालीमार्फत व्यक्ति स्वयंले तथा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बिमामा आबद्ध तथा बिमालेख नवीकरण गर्न सक्नेछन् । अहिले बिमामा ५९




दर्ता सहयोगीमार्फत सर्वसाधरण बिमा आबद्ध हुने गरेकामा शुक्रबारदेखि सुरु गरिएको सेवामार्फत अनलाइनबाटै सबै विवरण र सेवा प्राप्त गर्न सकिने जानकारी दिनुभयो। “हामीले बिमामा आबद्ध हुनका लागि अनलाइनामार्फत आफैँले फारम भर्न मिल्ने प्रणाली सुरु गरिसकेका छौँ”, उहाँले भन्नुभयो, “अबदेखि दर्ता सहयोगीविना बिमा आबद्धता, नवीकरणलगायत सबै काम हुन्छन्।”

‘विद्युतीय माध्यमबाट स्वास्थ्य बिमामा आबद्धता तथा बिमालेख नवीकरणसम्बन्धी कार्यविधि, २०८३’ बमोजिम लाख ७० हजार ४०३ जना आबद्ध भएका प्रवक्ता शाहले जानकारी दिनुभयो। उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानको आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा उपलब्ध गराइन्छ।

थप प्रतिसदस्य रु ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ। यस्तै आठ प्रकारका कडा रोगमा एक लाख बराबरको थप सेवा प्रदान गरिने स्वास्थ्य बिमा बोर्डले जनाएको छ। रासस

# काठ र दाउरा बिक्रीबाट करिब चार करोड आम्दानी



नारायणगढ । जिल्ला वन पैदावार आपूर्ति समितिले आर्थिक वर्ष २०८२/८३ मा काठ, दाउरा तथा अन्य वन पैदावार बिक्री गरी रु तीन करोड ९४ लाख ५० हजार ८८४ आम्दानी गरेको छ। सोही अवधिमा समितिले रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दाबढी खर्च गरेको थियो।

समितिका अध्यक्ष एवं डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार समितिले राष्ट्रिय वनअन्तर्गतको बरन्डाभार वन संरक्षण क्षेत्र तथा लिलाम बिक्री हुने सामुदायिक वनबाट काठ तथा दाउरा सङ्कलन गरी बिक्रीवितरण गर्दै आएको छ।

समितिले विभिन्न वन पैदावार बिक्रीबाट प्राप्त रकममध्ये चिरान काठबाट सबैभन्दा बढी आम्दानी गरेको छ। गत आर्थिक वर्षमा आठ हजार ५७३ दशमलव ११ क्युबिकफिट चिरान काठ बिक्रीबाट रु दुई करोड ८३ लाख ६१ हजार ६३५ आम्दानी भएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार गोलिया काठ, बेसाइज, बाकल, चट्टा दाउर र भुस बिक्री गरिएको हो।

प्रमुख आचार्यले समितिद्वारा बिक्री गर्ने वन पैदावारको दररेट, मूल्य अभिवृद्धि कर र अन्तिम बिक्री मूल्य निर्धारण गरी बिक्री गरिने बताउनुभयो। सालको काठको दर प्रतिक्युविक फिट रु दुई हजार ९६४ दशमलव ६२ मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु ३८५ दशमलव चार थप गरी प्रतिक्युविक फिट रु तीन हजार ३५० निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी सालको अनसाइज (स्ट्रिप) को दर प्रतिक्विन्टल रु तीन हजार ९७ दशमलव ४ मा रु ४०२ दशमलव सात मूल्य अभिवृद्धि कर थप, बाकलको दर प्रतिक्विन्टल रु ७५२ दशमलव २ मा रु ९७ दशमलव ७९ मूल्य अभिवृद्धि कर तथा भुसको दर प्रतिकिलोग्राम रु ३ दशमलव ९८३ मा रु शून्य दशमलव पाँच मूल्य अभिवृद्धि कर थप गरी बिक्री भइरहेको उहाँले बताउनुभयो।

सञ्चालन, संरक्षण तथा पूर्वाधार विकासका विभिन्न शीर्षकमा रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दाबढी खर्च भएको समितिले जनाएको छ। खर्चको मुख्य हिस्सा काठ, दाउरा उत्पादन तथा खरिदमा भएको प्रमुख आचार्यले बताउनुभयो।

काठ, दाउरा उत्पादन तथा खरिदतर्फ रु एक करोड ६२ लाख ८२ हजार ६३०, कार्यालय व्यवस्थापनतर्फ रु ५२ लाख ५२ हजार २२६, पूर्वाधार विकास तथा निर्माणसम्बन्धी रु ५० लाख ४२ हजार ३२६, आपूर्ति समिति सञ्चालनार्थ प्रशासनतर्फ रु ३२ लाख ८१ हजार १८०, बरन्डाभार वन संरक्षण क्षेत्र परिषद्मार्फत सञ्चालित कार्यक्रममा रु २७ लाख २२ हजार ७९६ तथा वन, वातावरण संरक्षण, विकास तथा व्यवस्थापन कार्यक्रममा रु २२ लाख ५७ हजार १५९ खर्च भएको समितिले जनाएको छ।

प्रमुख आचार्यले सङ्कलित राजस्व र खर्चमा पारदर्शिता कायम गर्दै आगामी दिनमा वन पैदावारको सहज आपूर्ति तथा बरन्डाभार संरक्षण क्षेत्रको दिगो व्यवस्थापनमा थप जोड दिइने बताउनुभयो। रासस

# उखुको अनुदान बक्यौता भुक्तानी गर्न माग



**टुडे समाचारदाता**

मलंगवा। देशभरका उखु किसानले दुई वर्षअघिको बक्यौता अनुदान रकम कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग भेट गरी माग गरेका छन् ।

उखु क्रसिङ सिजन २०८१/८२ को करिब ७५ करोड रुपियाँ बक्यौता अनुदान रकम पाउन बाँकी रहेको उखु किसानको दाबी रहेको छ। सरकारले हरेक वर्ष उखु उत्पादनबापत प्रतिक्विन्टल ७० रुपियाँ अनुदान दिँदै आएकोमा दुई वर्षअघि भने ३५ रुपियाँ मात्र प्राप्त गरेको किसानले बताएका छन् ।

अघिल्लो सरकारले बजेट अभाव रहेको बहाना गरेर अनुदान रकम नदिएको उखु किसानको गुनासो छ। वर्तमान सरकारले उक्त बक्यौता अनुदान रकम दिने आस बोकेर आफूहरू काठमाडौँ पुगेको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिएका छन् ।

बक्यौता अनुदान रकम दिलाइदिन माग गर्दै प्रत्येक जिल्लाबाट उखु किसानका प्रतिनिधि सहभागी भई कृषिमन्त्री चौधरीलाई मन्त्रालयमै पुगेर ज्ञापनपत्र बुझाइएको उप्रेतीले बताए । मन्त्री चौधरीले बक्यौता अनुदान रकमको विषयमा अध्ययन र छलफल गरी भुक्तानी दिलाउने आश्वासन दिनुभएको काठमाडौँ पुगेका उखु किसानका प्रतिनिधिले बताएका छन् ।

यस्तै अरू जिल्लाका उखु किसानले गत वर्ष २०८२/८३ को अनुदान रकम प्राप्त गरिसके पनि रौतहट र बर्दियाका किसानले अहिलेसम्म अनुदान नपाएको विषयमा कृषि विभागका महानिर्देशक, मन्त्रालयका सहसचिव र अन्य अधिकृतसँग छलफल भएको उखु किसानको छाता सङ्गठन नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष श्यामबाबु रायले बताए ।

उनले भने 'आफूहरूले कृषि सिँचाइ मिटरमा लगाइएको भ्याट हटाउन पनि सरकारको ध्यानाकर्षण गराएको छु ।' एक साताअघि सर्लाहीको हरिवनमा बसेको देशभरका उखु किसानका प्रतिनिधिको बैठकले उखु किसानका समस्या लिएर काठमाडौँ गई कृषिमन्त्रीलाई ध्यानाकर्षण गराउने निर्णय गरेको थियो।

# लहान अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालन

**लहानमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री मेहताले पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), भवन निर्माण तथा विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्न समय लाग्ने भएकाले तत्कालका लागि ट्रमा युनिट सञ्चालन गर्न लागिएको जानकारी दिइन् ।**

**टुडे समाचारदाता**

लहान। सिरहाको लहानस्थित अस्पतालमा तत्कालै ट्रमा युनिट सञ्चालनमा ल्याइने भएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले लहान अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएकी छिन् ।

लहानमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री मेहताले पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), भवन निर्माण तथा विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्न समय लाग्ने भएकाले तत्कालका लागि ट्रमा युनिट सञ्चालन गर्न लागिएको जानकारी दिइन् ।

उनका अनुसार मधेश प्रदेश सरकारले हालै २९ जना विशेषज्ञ चिकित्सक अस्पतालहरूमा पठाइसकेको छ । लहान अस्पतालमा सिटी स्क्यान मेसिन उपलब्ध भए पनि रेडियोलोजिस्टको अभावमा सेवा प्रभावित हुँदै आएको भन्दै उनले अर्थोपेडिक सर्जन, एनेस्थेसिया विज्ञलगायत आवश्यक जनशक्ति व्यवस्थापन गरेर ट्रमा सेवा सुरु गरिने बताइन् ।



'ट्रमा सेन्टर निर्माण दीर्घकालीन प्रक्रिया हो । यसका लागि बहुविशेषज्ञ चिकित्सकसहित आवश्यक पूर्वाधार चाहिन्छ,' मन्त्री मेहताले भनिन्, 'लहान राजमार्गसँग जोडिएको महत्वपूर्ण स्थान भएकाले यहाँ तत्काल ट्रमा युनिट सञ्चालन गर्न सकिन्छ । अस्पतालमा सिटी स्क्यान, ब्लड बैंक र आँखा अस्पतालजस्ता पूर्वाधारसमेत उपलब्ध छन् ।'

स्वास्थ्य क्षेत्रको बक्यौताबारे उनले विगतमा रहेको करिब १८ अर्ब रुपैयाँ बक्यौतामध्ये फागुनसम्मको भुक्तानी भइसकेको दाबी गरिन् । स्वास्थ्य बीमाका केही प्याकेज अव्यावहारिक देखिएकाले त्यसको पुनरवलोकन भइरहेको उनको भनाइ थियो ।

मन्त्री मेहताले स्वास्थ्य बीमा कार्यक्रम पूर्ण रूपमा बन्द नभएको स्पष्ट पार्दै निजी अस्पतालमा मात्रै बीमा सेवा रोकिएको र सरकारी अस्पतालमा सेवा यथावत् रहेको बताइन् । करिब ९३ प्रतिशत नागरिक सरकारी अस्पतालमा निर्भर रहेको उल्लेख गर्दै उनले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन सरकारले आवश्यक सुधार अघि बढाइरहेको जानकारी दिइन् ।

यसैबीच, तराईमा देखिएको 'एन्टी स्नेक भेनम'को अभावबारे पनि मन्त्री मेहताले औषधि आपूर्तिको व्यवस्था गरिएको बताइन् । उनका अनुसार काठमाडौंमा ८ हजार ५ सय भायल एन्टी स्नेक भेनम आइपुगेको छ भने आइतबारदेखि देशका विभिन्न भागमा वितरण सुरु हुनेछ ।

केही अस्पताल तथा सैनिक क्याम्पमा मौज्दात घटेको भए पनि देशभर पूर्ण अभाव हुन नदिने गरी आपूर्ति व्यवस्थापन भइरहेको मन्त्री मेहताले जानकारी दिइन् ।

# ८० औँ स्वतन्त्रता दिवस उत्साहपूर्वक मनाइयो




**टुडे समाचारदाता**

वीरगञ्ज । भारतको ८० औँ स्वतन्त्रता दिवस विभिन्न कार्यक्रमसहित उत्साह र देशभक्तिपूर्ण भावनाका साथ भारतको महावाणिज्य दूतावास, वीरगञ्जले मनाएको छ । समारोहमा भारतीय समुदायका सदस्य, भारतका मित्र तथा वीरगंज क्षेत्रका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमको सुरुवात ' वन्दे मातरम्'को प्रस्तुतिबाट भएको थियो । त्यसपछि भारतका लागि वीरगंजका महावाणिज्यदूत देवी सहाय मीनाले राष्ट्रिय झण्डा फहराउनुभयो । झण्डोत्तोलनपछि सहभागीहरूले सामूहिक रूपमा राष्ट्रिय गान गाएका थिए । सो अवसरमा महावाणिज्यदूत मीनाले भारतका राष्ट्रपतिको स्वतन्त्रता दिवस सम्बन्धी पठाएको सम्बोधन पत्र पढेर सुनाएको थियो ।

समारोहको प्रमुख आकर्षण वीरगञ्जका विभिन्न विद्यालयका विद्यार्थी तथा विशेष क्षमता भएका बालबालिकाले प्रस्तुत गरेका सांस्कृतिक कार्यक्रम बने । देशभक्तिपूर्ण गीत, नृत्य र नाटकमार्फत भारतको सांस्कृतिक विविधता, एकता र देशप्रेम झल्काइएको थियो। प्रस्तुतिले उपस्थित दर्शकबाट उत्साहजनक प्रशंसा पाएको थियो ।

कार्यक्रममा पर्सा र बारा जिल्लाका वरिष्ठ प्रशासनिक तथा प्रहरी अधिकारीका साथै वीरगञ्ज उद्योग वाणिज्य संघ, बीआईसीसीआई, एनआईएफए, एनआईईएफ, एनआईसीसीआई र पतञ्जली लगायत विभिन्न संघसंस्था तथा क्षेत्रका प्रतिनिधिहरूको सहभागिता थियो । उनीहरूको उपस्थितिले भारत र नेपालबीचको जनस्तरको सम्बन्ध तथा आपसी सहकार्यलाई थप उजागर गरेको दूतावासले जनाएको छ ।

महावाणिज्यदूत मीनाले उत्कृष्ट सांस्कृतिक प्रस्तुति दिने विद्यार्थी तथा विशेष क्षमता भएका बालबालिकालाई प्रमाणपत्र प्रदान गरी सम्मान गरेका छन् । साथै भारत सरकारको विदेश मन्त्रालयद्वारा आयोजित 'भारत को जानिए' प्रश्नोत्तरीका विजेतालाई पुरस्कार तथा विभिन्न विद्यालयसँगको सहकार्यमा दूतावासले आयोजना गरेको चित्रकला प्रतियोगिताका विजेतालाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

# कल्भर्टमा डुबेर बालिकाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। बाख्रा चराउन गएकी एक पाँच वर्षिय बालिकाको रौतहटको दक्षिणी भेगस्थित परोहा नगरपालिका-९ खापड टोलमा कलभर्टबाट खसेर जमेको पानीमा डुबेर मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय शेख मेहबुल हककी छोरी फातमा खातुन रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार फातमा शनिबार बिहान बाख्रा चराउन घरबाट निस्किएकी थिइन्। बाख्रा चराउने क्रममा कलभर्टको पर्खालबाट तल रहेको खाल्डोमा खसेर उनी जमेको पानीमा डुबेकी थिइन् ।

बालिका पानीमा डुबेको देखेपछि स्थानीयवासीले तत्काल उद्धार गरी बाहिर निकालेका थिए। तर उनको मृत्यु भइसकेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घटनाबारे बिहान साढे ९ बजे प्रहरी चौकी रामपुरखापमा जानकारी पुगेको थियो । त्यसपछि असई धीरेन्द्रकुमार झाको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। घटनाबारे थप अनुसन्धान तथा मुचुल्काका लागि जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी निरीक्षक विश्वनाथ यादवको कमान्डमा थप टोलीसमेत घटनास्थलमा खटाइएको प्रहरीले जनाएको छ। मृतक बालिकाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिए ।



# बारामा बैंकिङ कसुरका १९५ मुद्दा

**टुडे समाचारदाता**

रौतहट । गत आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका १ हजार ३ सय ७४ मुद्दामध्ये ८ सय ५५ वटा मुद्दा जिल्ला प्रहरी कार्यालय बाराले फछ्र्यौट गरेको छ । यो कुल मुद्दाको करिब ६२ प्रतिशत हो ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरले एक पत्रकार सम्मेलनमार्फत वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै ५ सय १८ मुद्दा अझै फछ्र्यौट हुन बाँकी रहेको जानकारी दिएका छन् ।

एसपी कुँवरका अनुसार २०८२ मंसिर ७ गते जिल्ला प्रहरी कार्यालय बारामा हाजिर भएयता अपराध नियन्त्रण तथा अनुसन्धानसँगै चोरी-तस्करी नियन्त्रणलाई प्राथमिकतामा राखिएको छ।

प्रहरीले गत आर्थिक वर्ष २०८२/०८३ मा भन्सार छली गरी ल्याइएका १० करोड ३ लाख ६८ हजार ५ सय २५ रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ । अवैध कारोबारमा संलग्न १२ जनालाई पक्राउ गरिएको तथा ३३ वटा सवार साधन नियन्त्रणमा लिइएको एसपी कुँवरले बताएका थिए।

खुला सीमाबाट हुने चोरीपैठारी तथा भन्सार छली नियन्त्रणका लागि सीमावर्ती क्षेत्रमा निगरानी र गस्ती बढाइएको उनले बताए । शंकास्पद गतिविधिमाथि नियमित चेकजाँच र निगरानी भइरहेको उनको भनाइ छ।

बारामा पछिल्लो समय साइबर अपराध, बैंकिङ कसुर र घरेलु विवाद चुनौतीका रूपमा देखिएको एसपी कुँवरले बताए । आर्थिक वर्ष २०८२/०८३ मा मात्रै बैंकिङ कसुरसम्बन्धी १९५ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये १३१ वटा फछ्र्यौट भएका छन् भने ६४ वटा मुद्दा बाँकी छन्। अघिल्लो आर्थिक वर्षमा बैंकिङ कसुरका १४७ वटा मुद्दा दर्ता भएका थिए ।




प्रहरीले लागुऔषध नियन्त्रण, फरार प्रतिवादी पक्राउ, चोरी-तस्करी नियन्त्रण, महिला तथा बालबालिकासम्बन्धी अपराध नियन्त्रण, ट्राफिक व्यवस्थापन तथा समुदाय-प्रहरी साझेदारीका कार्यक्रमलाई समेत प्राथमिकताका साथ अघि बढाएको जनाएको छ।

राजमार्ग, औद्योगिक क्षेत्र तथा संवेदनशील स्थानमा नियमित चेकजाँच र गस्ती बढाइएको एसपी कुँवरले बताए। सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै सवारी नियम उल्लंघनमाथि निगरानी बढाइएको उनले जानकारी दिएका छन् ।

> बारामा पछिल्लो समय साइबर अपराध, बैंकिङ कसुर र घरेलु विवाद चुनौतीका रूपमा देखिएको एसपी कुँवरले बताए । आर्थिक वर्ष २०८ २/०८३ मा मात्रै बैंकिङ कसुरसम्बन्धी १९५ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये १३१ वटा फछ्र्यौट भएका छन् भने ६४ वटा मुद्दा बाँकी छन्। अघिल्लो आर्थिक वर्षमा बैंकिङ कसुरका १४७ वटा मुद्दा दर्ता भएका थिए ।

### ६१ प्रहरीको दरबन्दी रिक्त

जिल्ला प्रहरी कार्यालय बारामा ९ सय ५३ जनाको दरबन्दी रहेकामा हाल ८ सय ९२ जना प्रहरी कार्यरत छन् । दरबन्दी अनुसार ६१ जना प्रहरी जनशक्ति अपुग रहे पनि उपलब्ध जनशक्तिबाट शान्ति सुरक्षा, अपराध नियन्त्रण, अनुसन्धान तथा गस्तीको काम सञ्चालन भइरहेको एसपी कुँवरले बताएका थिए ।

सवारीसाधनको अभावका कारण कतिपय अवस्थामा प्रहरी कर्मचारीले आफ्नै मोटरसाइकल प्रयोग गरेर ड्युटी गर्नुपर्ने अवस्था रहेको उनले बताए। केही अस्थायी प्रहरी पोस्ट तथा चौकीमा फ्यान, बेडलगायतका आधारभूत सुविधाको समेत समस्या रहेको उनको भनाइ छ।

एसपी कुँवरले आगामी दिनमा नागरिकको अपेक्षाअनुसार परिणाममुखी काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। अपराध नियन्त्रण तथा अनुसन्धानमा नागरिकबाट प्राप्त हुने सूचना महत्वपूर्ण हुने भन्दै उनले प्रहरीलाई आवश्यक सूचना उपलब्ध गराउन आग्रह गरेका छन् ।

नेपाल प्रहरीको 'नेपाल पुलिस एप्स' मार्फत प्राप्त हुने गुनासो तथा सूचनामाथि समेत जिल्ला प्रहरी कार्यालयबाट आवश्यक निगरानी र समन्वय गर्ने गरिएको उनले जानकारी दिएका थिए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८